म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८६ बुधबार २१ कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 6 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## घरायसी विवादमा श्रीमान कुटपिट

हेटौंडा, २० कात्तिक/मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिका-७, रमन्टारमा घरायसी विवादका कारण कुटपिट हुँदा एक व्यक्ति गम्भीर घाइते भएका छन् ।

बागमती प्रदेश कार्यालय हेटौंडाका अनुसारका कार्तिक १६ गते राति करिब १:४० बजे मनहरीमा ५८ वर्षीय मंगल थिङलाई निजकै ५१ वर्षीया श्रीमती सुशिला थिङले ढुंगाले प्रहार गरेकी हुन् । घटना घरायसी विवादबाट सुरु भएको र झगडाको क्रममा श्रीमतीले ढुंगाले दाहिने घुँडामुनि हिर्काउँदा मंगल थिङ घाइते भएका हुन् ।

प्रारम्भिक उपचारका लागि मनहरी अस्पतालमा सामान्य उपचार गरी थप उपचारका लागि मंगललाई पुरानो मेडिकल कलेज, भरतपुर, चितवन पठाइएको प्रहरीले जनाएको छ । मंगलको छोरा दीपेश थिङका अनुसार उनको खुट्टामा फ्याक्चर भई मध्यम अवस्थाको उपचार भइरहेको छ । प्रहरीका अनुसार कुटपिट गर्ने व्यक्ति हाल खोचतलासमा रहेको छ र घटनाको थप अनुसन्धान जारी छ ।

# बागमती प्रदेशको सय दिनः आशा जगाउन नसकेको सरकार

भानुभक्त आचार्य

हेटौंडा, २० कात्तिक/ बागमती प्रदेश सरकारले १०० दिन पूरा गरेको छ । ८ साउनमा बहादुर सिं लामा मुख्यमन्त्री नियुक्त भएसँगै बागमतीमा नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार गठन भएको थियो ।

विगतका सरकारले १०० दिन पुगेको अबसरमा आफूले गरेका कामको विवरणबारे नागरिकलाई जानकारी गराउँदै आएका थिए । तर, लामा नेतृत्वको सरकारले १०० दिनको कामको समीक्षासमेत गरेको छैन । १४ कार्तिकमा १०० दिन पुग्दा बागमतीको मुकाम हेटौंडाका मन्त्रालयमा न मन्त्री थिए न कर्मचारी नै ।



दीपावलीको सार्वजनिक बिदा नहुँदै मन्त्रीदेखि सचिवहरुले हेटौंडा छाडिसकेका थिए । मंगलबारबाट सरकारी कार्यालयहरु खुलेका छन् । जनप्रतिनिधि र कर्मचारी अझै तिहारको रमझममै छन् । सरकार सुरुवाती दिनबाटै राजनीतिक दाउपेच, सत्तारुढ दलभित्रको शक्तिसंघर्षमा रुमलियो । १५ साउनमा विश्वासको मत पाएका मुख्यमन्त्री लामाले सरकार गठन भएको लामो समयसम्म मन्त्रीपरिषद् विस्तार गर्न सकेनन् । नियुक्त भइसकेका मन्त्री प्रभात तामाङलाई सपथ नगराई लामाले कुन्दनराज काफ्लेलाई सोही मन्त्रालयको जिम्मेवारी दिए ।

पार्टीभित्र गुट नमिलेकै कारण मन्त्री बन्नबाट रोक्न भागबण्डा लागिसकेको मन्त्रालयाम कांग्रेस र एमालेबीच भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय साटासाटा पनि भयो । मन्त्रालय संख्या घटाएर प्रदेशको खुम्चिएको आर्थिक स्रोतलाई व्यवस्थापन गर्नुपर्ने सरकारले उल्टै विनाविभागीय मन्त्री थप्यो । प्रदेशमा १३ वटा मन्त्रालय १४ जना मन्त्री छन् ।

मन्त्री मधुकुमार श्रेष्ठ तीन महिनादेखि जिम्मेवारीविहीन छन् । उनीपछि नियुक्त भएका मन्त्रीले मन्त्रालय पाए । मन्त्री संख्या बढाएपछि असन्तुष्टि जनाएको सत्तासाझेदार दल एमालेलाई थामथुम पार्न मुख्यमन्त्री लामाले श्रेष्ठलाई 'जगेडा' मन्त्रीको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै कोठा दिएर राखेका छन् ।

नागरिकमा देखिँदै आएको प्रदेश संरचनाप्रतिको वितृष्णालाई घटाउनुपर्ने दायित्व बोकेको लामा नेतृत्वको सरकारले प्रदेशवासीमा कुनै आशा जगाउने काम नै गर्न नसकेको हेटौंडा क्याम्पसका सहप्राध्यापक अर्पण पराजुली बताउँछन् । 'सरकारले यो राम्रो क्रियाकलाप र योजना ल्यायो भन्न सक्ने अवस्था नै छैन । प्रदेशको कामका कारण जनतामा पहिल्यैदेखिको वितृष्णालाई झन बढायो ।' उनले भने ।

### न्यूनतम साझा कार्यक्रमको अपनत्व लिएन

बागमती सरकार गठन भएको दुई महिनापछि अर्थात ६ असोजमा मात्रै न्यूनतम साझा कार्यक्रम प्रस्तुत भयो । ६७ बुँदे न्यूनतम साझा कार्यक्रममा मुख्यमन्त्री लामा र एमाले संसदीय दलका नेता तथा पूर्वमन्त्री जगन्नाथ थपलियाको हस्ताक्षर छ । न्यूनतम साझा कार्यक्रमको प्रस्तावनामै त्रुटी छ । प्रस्तावनामा 'नेपाली कांग्रेस र नेकपा (एमाले) बीच भएको सहमति बमोजिम मन्त्रिपरिषद्को भाद्र २६ गतेको बैठले पारित गरी नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दछौं' उल्लेख छ ।

तर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको बैठक शाखाको अभिलेखअनुसार २६ भदौको मन्त्रिपरिषद्बाट न्यूनतम साझा कार्यक्रम पारित गर्ने कुनै निर्णय भएको छैन । त्यसपछि हालसम्म बसेका मन्त्रिपरिषद् बैठकले न्यूनतम साझा कार्यक्रमलाई अपनत्व लिएको छैन ।

### विपदमा कमजोर भूमिका

असोज दोस्रो हप्ताको अविरल वर्षाका कारण आएको बाढीपहिरोले बागमती प्रदेशमा सबैभन्दा धेरै जनधनको क्षति भयो । प्रदेशको काभ्रे, सिन्धुली, मकवानपुर, धादिङ, काठमाडौं, ललितपुर बढी क्षतिग्रस्त जिल्ला हुन् ।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र रामेछापलाई 'रेड अलर्ट'को सूचिमा राखेपनि प्रदेश सरकारले खोज र उद्दारमा प्रभावकारी काम नै गर्न नसकेको सहप्राध्यापक पराजुली बताउँछन् ।

'विपद्मा खोज र उद्धारको काम प्रदेश सरकारले गर्न सकेन । सरकार त गाडी लिएर विपद्पछि अवलोकनमा मात्रै हिँडेको पाइयो' उनले भने । बाढीपहिरोले बागमती प्रदेशमा डेढ सयजना भन्दा बढीले ज्यान गुमाए । सरकारले विपद् जोखिमयुक्त प्रदेशका ४५ वटा स्थानीय तहलाई ५ करोड ८० लाख रुपैयाँ आर्थिक सहायता प्रदान गरेको थियो ।

### सांसद रिझाउन बजेट थप्ने सहमति

बागमती सरकारको राजस्व संकलन कमजोर बन्दा आम्दानी खुम्चिएको छ । आम्दानी घटेपनि सरकारले सांसद रिझाउन योजनामा बजेट थप्ने सहमति गरेको छ ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को असोजसम्म सरकारले अनुमानको १० प्रतिशत मात्र राजस्व संकलन गर्न सक्यो । राजश्व बाँडफाँड, संघीय अनुदान, आन्तरिक स्रोत र बेरुजु तथा नगद मौज्दातको रकम संकलन कमजोर हुन पुगेको हो । ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको सरकारले लक्ष्यको १० प्रतिशत अर्थात् ६ अर्ब ८६ करोड ७ लाख ३८ हजार रुपैयाँ मात्रै आम्दानी गर्न सकेको छ ।

६ असोजमा बागमती प्रदेशसभाका दलहरुबीच विपक्षी दलका सांसदको योजनामा बजेट थप गर्ने सहमति भएको थियो । नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी सहित विपक्षी दलले प्रदेशसभा अवरुद्ध गर्ने तयारी गरेपछि सरकारको सक्रियतामा सर्वदलीय बैठक बसेको हो । मुख्यमन्त्री लामाले बोलाएको सर्वदलीय बैठकले सांसदका योजनामा अपुग बजेट थप्ने सहमति गरेको हो ।

चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई २ करोड सिलिङ तोकेको थियो । तर, बजेट अपुग भएको भन्दै माओवादी, राप्रपा र एकीकृत समाजवादीले प्रदेशसभा बैठक अवरोधको तयारी गरेका थिए । विपक्षी दलहरुले पेश भएका योजनामा झण्डै एक अर्बको बजेट थप गर्न माग गरेका थिए ।

### नियुक्तिमा भागबण्डा

प्रदेश सरकारले १०० दिनमामा दलीय भागबण्डा लगाएर धमाधम राजनीतिक नियुक्ति गऱ्यो । प्रदेश लोकसेवा आयोग, प्रदेश नीति तथा योजना आयोग बागमती प्रदेश विश्वविद्यालय समिति, मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश खेलकुद विकास समितिमा कांग्रेस र एमालेको भागबण्डामा नियुक्ति गरियो ।

नियुक्ति दिलाउँदा सरकारले निजामतिसेवाबाट अवकाश नै नपाएको व्यक्तिलाई संवैधानिक आयोगको नेतृत्वको उपहार दियो । बागमती प्रदेश लोकसेवा आयोगको अध्यक्षमा नियुक्त महेश्वर श्रेष्ठलाई निजामति सेवाबाट अवकाश नपाउँदै आयोगको अध्यक्ष बनाउने मुख्यमन्त्री लामा संयोजक रहेको सिफारिस समितिले निर्णय गरेको हो । १ कार्तिकमा सरकारी सेवाबाट अवकाश लिएका उनलाई आयोगको अध्यक्ष बनाउन सिफारिस समितिले २१ असोजमा निर्णय गरिसकेको थियो ।

सरकारले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा कांग्रेसको कोटामा गंगादत्त नेपाललाई गत २६ भदौमा नियुक्त गरेको थियो । सिन्धुपाल्चोकका नेपाल दुई दशक निजामति सेवामा थिए । आयोगको सदस्यमा काठमाडौंका दीपेन्द्र श्रेष्ठ र काभ्रेका गुणराज मोक्तानलाई नियुक्त गरेको थियो । यस्तै, हेटौंडास्थित मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हेटौंडा अस्पताल छुट्याउनुपर्ने मागसहित आन्दोलनरत् नेपाली कांग्रेसबाटै प्रतिष्ठानमा नियुक्ति दिलाइयो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा १६ असोजमा एमालेको कोटाबाट डा.प्रदीप ज्ञवाली नियुक्त भए । उपकुलपति ज्ञवालीले प्रतिष्ठानको रजिष्ट्रारमा कांग्रेसको कोटाबाट अधिकृत सातौं तहका जनस्वास्थ्य अधिकृत भीमसागर गुरागाईलाई नियुक्ति दिलाए । गुरागाईंसँगै प्रतिष्ठानको संयोजकमा एमालेको कोटाबाट चिरञ्जीवी चुडाल दोस्रोपटक नियुक्त भए । यसअघि ०७७ बाट पनि उनी प्रतिष्ठानको संयोजक थिए ।

बागमती विश्वविद्यालयको उपाध्यक्षमा २ असोजमा कुसुमराज सुवेदी नियुक्त भए । बागमती विश्वविद्यालयको कार्यकारी परिषद्ले चितवनका सुवेदीलाई उपाध्यक्षमा नियुक्त गरेको हो । यसैगरी, मुख्यमन्त्री लामाको गृहजिल्ला नुवाकोटका दीपक लामा प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव नियुक्त भए । उनी उसु खेलाडी हुन् । प्रदेश दुग्ध विकास बार्डको उपाध्यक्ष नियुक्त गर्न बाँकी छ । बोर्डको उपाध्यक्ष पहिल्यै एमालेको भागमा परेको छ ।

### कर्मचारी पनि तगडा

प्रदेशको वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवालको राजीनामा मागियो । चितवनका उनी एमालेबाट मन्त्री बनेका थिए । गत भदौमा पाँच वर्षदेखि एउटै कार्यालयमा बस्दै आएका कर्मचारीको प्रदेशभर एकसाथ सरुवा गर्ने मन्त्री सिलवालको तयारीलाई लिएर कर्मचारीले मन्त्रीलाई हेटौंडा-१० प्रदेशसभा परिसरभित्र एमाले संसदीय दलको कार्यालयसम्म पुऱ्याएका थिए ।

दलका नेतासमेत रहेका पूर्वमन्त्री जगन्नाथ थपलियालाई साक्षी राखेर सरुवाको तयारीविरुद्ध रुष्ट बनेका कर्मचारीले सिलवालको राजीनामा मागेका थिए । राजीनामा माग्ने, मन्त्री सिलवालकै दल एमाले निकटको कर्मचारी संगठन थियो ।

# बागमतीमा १०० दिनभित्र १३ किमि सडक कालोपत्रे



साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले १०० दिनमा १३ किलोमिटर सडक कालोपत्रे गरेको छ । १४ कार्तिकमा प्रदेश सरकारले १०० दिन पूरा गरेको हो ।

नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकारमा एमालेका अमनकुमार मास्केले नेतृत्व गरिरहेको भौतिक मन्त्रालयले सहरी विकास तथा भौतिक पूर्वाधारका क्षेत्रमा काम गर्दै आएको छ । मन्त्रालयले १०० दिनमा १३ किलोमिटर सडक कालोपत्रे गरेको हो । ११ किलोमिटर सडक ढलान, २२ किलोमिटर ग्राभेल, २७ किलोमिटर नयाँ ट्र्याक खोल्ने कार्य भएको मन्त्री मास्केले जानकारी दिए ।

मन्त्री मास्केकाअनुसार ४ वटा पुल र १ झोलुङ्गे पुल, ३ वटा सामुदायिक भवनको निर्माणकार्य सम्पन्न भएको छ । जनता आवास कार्यक्रममार्फत् १२ वटा आवास, चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत वस्ती विकास कार्यक्रम अन्तर्गत थप २ सय ६० वटा आवास र खरको छानो उन्मूलन कार्यक्रम अन्तर्गत थप २ सय ४७वटा आवास निर्माणको कार्य सम्पन्न गरिएको मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयले प्रदेश सरकारद्वारा सञ्चालित ५५ वटा जीर्ण आयोजना पहिचान गरेको छ । मन्त्री बनेपछि मास्केले जीर्ण आयोजना पहिचान गर्न अध्ययन समिति गठन गरेका थिए । रुग्ण आयोजनाको पहिचान, व्यवस्थापन तथा सहजीकरण गर्न १५ दिनभित्र प्रतिवेदन पेस गर्ने गरी रुग्ण आयोजना पहिचान तथा सहजीकरण समिति गठन गरिएको थियो । समितिबाट प्राप्त प्रतिवेदनको आधारमा योजनागत रुपमा प्राथमिकताका साथ कार्यस्थल भ्रमण तथा ताकेता गरी ५५ वटा रुग्ण योजनामध्ये यो अवधिमा २ वटा योजना सम्पन्न भएका छन् ।

प्रादेशिक सडकमा प्राकृतिक विपद्को समयमा छिटो छरितो तथा प्रभावकारीरुपमा क्षतिग्रस्त भौतिक पूर्वाधारको मर्मत सुधारका लागि आकस्मिक र तत्काल परिचालन गर्न सकिने गरी द्रुतप्रतिकार्य टोली गठन गरिएको थिया । टोलीलाई परिचालन गरी मन्त्रालयले विपद् प्रभावित क्षेत्रको सडक सञ्चालनको काम गरेको थियो ।

असोज १० देखि १४ गते सम्मको अविरल वर्षाको कारण आएको बाढी, पहिरो तथा डुबानले प्रभावित सडक-पुलमा स्रोतसाधनको परिचालन गरी तत्काल मर्मत तथा सुधार, डाईभर्सन निर्माण तथा वैकल्पिक सडकको पुनर्स्थापना गरिएको बताइएको छ ।

## नेपाल लाइफले किन्यो कपुर कम्प्लेक्स

साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले बागमती प्रदेशको राजधानी हेटौंडामा ६० धुर जग्गा र घर किनेको छ । कम्पनीले हेटौंडा उपमहानगर पालिका-४ स्थित दीपेन्द्रचन्द ठकुरी र सुरेन्द्रचन्द ठकुरीको नाममा रहेको कपुर कम्प्लेक्स भवन सहितको ६० धुर क्षेत्रफलको जग्गा किनेको हो ।

नेपाल बीमा प्राधिकरणको स्वीकृति लिई जग्गा तथा भवन १७ करोड ८९ लाख रुपयाँमा खरिद गरिएको कम्पनीले जनाएको छ । जग्गा किन्दा कम्पनीले रजिष्ट्रेशन शुल्क बापत ७९ लाख ५२ हजार रुपैयाँ राजश्व तिरेको छ । भवन र जग्गा कम्पनीको व्यावसायिक एवम् कार्यालय प्रयोजनका लागि प्रयोग गरिने कम्पनीले जनाएको छ ।

## मंगलेश्वरले जित्यो विनयबाबु स्मृति भलिबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ मंगलेश्वर युवा क्लब थाहा-२ ले विनयबाबु स्मृति मकवानपुर जिल्ला स्तरीय रनिङशिल्ड भलिबलको प्रतियोगिताको उपाधि जितेको छ ।

थाहा नगरपालिका-२ स्थित खेलमैदानमा १७ कार्तिकमा भएको फाइनल खेलमा आयोजक विनयबाबु स्मृति प्रतिष्ठान 'ए'लाई घरेलु मैदानमा स्तब्ध गर्दै मंगलेश्वरले उपाधि हात पारेको हो । फाइनलमा आयोजक विनयबाबु स्मृति प्रतिष्ठान 'ए'लाई ३-२ को सेटमा पछि पारेको हो । मंगलेश्वरले अघिल्लो वर्षको जितको साखलाई निरन्तरता दिदै आयोजकलाई २५-१९, २५-२२ र २५-२३ को सेटको अन्तर लिएको थियो ।

विजयी भएसँगै मंगलेश्वरले नगद ५५ हजार ५ सय ५५ रुपैयाँ शील्ड, मेडल तथा प्रमाणपत्र हात पारेको छ । द्वितीय भएको आयोजक विनयबाबु स्मृति प्रतिष्ठान 'ए'ले नगद २८ हजार ८ सय ८८ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाएको छ । तृतीय भएको सशक्त युवा क्लवले ११ हजार १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा मकवानपुरका १७ टिमको सहभागिता रहेको थियो ।

विजेता खेलाडी, टिम तथा विधागत उत्कृष्ट खेलाडीलाई प्रमुखअतिथि थाहा नगरप्रमुख विष्णुबहादुर विष्टले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । प्रतियोगितामा उत्कृष्ट खेलाडी मंगलेश्वरका बलराम सुवेदी घोषित भए । प्रतियोगितामा उत्कृष्ट बेष्ट ब्लकर सुजल कार्की, उत्कृष्ट लिबेरो सुजल कपाली, उत्कृष्ट स्पाइकर रमेश तामाङ, उत्कृष्ट सेटर उत्सव आलेमगर तथा उत्कृष्ट नवप्रतिभा खेलाडी किशन थापा घोषित भए भने उत्कृष्ट कोच योगबहादुर सिन्तान घोषित भए ।

खेलको समापनमा नेकपा एमाले थाहानगरका पूर्वअध्यक्ष अच्युत्तमप्रसाद ढकाल, एमाले नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, थाहानगर खेलकुद विकास समितिका सदस्यसचिव अनिल लामिछाने, थाहा नगरपालिका-२ का वडाअध्यक्ष बमबहादुर सिन्तान, ३ नम्बका अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्की, प्रतिष्ठानका संस्थापक बिजयबाबु बस्नेत, विनयबाबुका बुबा बिष्णुहादुर बस्नेतलगायतको आतिथ्यता रहेको थियो ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कट्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं. ९८४५४६१०३४**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

कार वास भित्र/बाहिर

वायरिङ मर्मत

मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ

सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने

इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्लास्टिकका नक्कली फूल किन ?

हाम्रो समाजलाई विदेशी सामग्री उपभोग गर्ने रहरले नराम्रोसँग गाँजेको छ । विदेशी उपभोग्य बस्तु प्रयोग गर्दा आफूलाई अब्बल ठान्ने भ्रमले गर्दा हामी परनिर्भर भइरहेका छौं । अब्बल बन्नका लागि देखावटी कुरामा होइन, वास्तबिकतामा उत्रनु जरुरी छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले चाडपर्वको समयमा जनस्वास्थ्यलाई प्रत्यक्षरुपमा हानी पुऱ्याउने प्लास्टिकजन्य फूलको प्रयोग नगर्न आग्रह गरेको थियो । तिहारमा प्लास्टिकजन्य फूलको किनबेच नगर्न प्रशासनले जारी गरेको सूचनाको प्रभाव भने बजारमा शुन्य रह्यो । केहीदिन अघि थाहा नगरपालिकाले प्लास्टिकजन्य फूलमाला बिक्रीबितरण नगर्न नगराउन सूचना प्रकाशन गरेको थियो । हेटौंडा उपमहानगरले भने यसप्रकारको सूचना प्रकाशन गरेको थिएन । मकवानपुरका सबै पालिकामा प्लाष्टिकजन्य फूल र गुच्छामा रोक लगाइने जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको थियो । मकवानपुरमा फूलको राम्रो उत्पादन भएका छ । बिगत एक दसकदेखि फूलमा हामी आत्मनिर्भर भएको अवस्था छ । प्लाष्टिकजन्य फूलले किसानको उत्पादनलाई निरुत्साहित गर्नेछ । प्लाष्टिकजन्य फूल र माला बिक्रीवितरणमा कडाइसाथ रोक लगाउनु जरुरी छ ।

सर्बप्रथम त हामीले आफ्नै उत्पादनलाई बढी प्राथमिकता दिनु जरुरी छ र जुनसुकै बस्तु तथा सेवा पनि स्वदेशी नै उपभोग गर्नु जरुरी छ । नेपाल सरकारले वातावरणमा प्रतिकूल प्रभाव पर्ने भन्दै प्लास्टिकका फूलमाला प्रयोगमा रोक लगाएको हो । स्थानीय पालिकालाई प्लाष्टिकजन्य फूल र माला नष्ट गर्न प्रशासनले अनुरोध गरेको थियो । कुनैपनि पालिकाले प्लासिटकका फूलमाला नष्ट गरेको समाचार आएको छैन । तिहार सुरु भएपछि प्राकृतिक फूल र माला बिक्री नभएको भन्दै किसानले चिन्ता व्यक्त गरेका थिए । सरकारको निणर्यले फूलखेती गरेका किसान खुशी भएका थिए । सरकारको निणर्यअनुसार अनुगमन र कार्यान्वयन पनि प्रभावकारी ढंगले भइदेओस् भन्ने चाहना थियो फूल किसानको । सयपत्री फूल तथा माला ब्यवसायीले केहीदिन अघि भारतीय बजारबाट सयपत्री, मखमली फूलको माला आयातामा प्रतिबन्ध लगाउन माग गरेका थिए । वातावरण विभागले प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात र बिक्रीवितरण रोक्न माइकिङ तथा अनुगमन गरेको थियो । तिहार र छठको मुखमा सरकारले सूचना जारी गर्दै प्लाष्टिकजन्य फूलगुच्छाको आयात र बिक्रीवितरणमा रोक लगाएको हो । वातावरण विभागले प्लाष्टिकजन्य फूलगुच्छाको आयात, बिक्रीवितरणमा रोक लगाएको र बजारमा प्लाष्टिकजन्य फूल बेच्न र प्रयोग नगर्न माइकिङ गरिएको बताएको थियो । २०७९ साउन ११ को नेपाल राजपत्रअनुसार नेपाल सरकारले नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, विक्री वितरण वा भण्डारण गर्न पूर्णरुपमा रोक लगाएकोले यो कार्य नगर्नु, नगराउन जिल्ला प्रशासनले आग्रह गरेको थियो । तर, बजारमा सरकारको निर्देशनबिपरित प्लास्टिकजन्य फूल ब्यापक रुपमा बिक्री भइरहेको थियो ।

प्रचलित कानून विपरितका गतिविधि, क्रियाकलाप सञ्चालन गराइएको पाइए प्रचलित कानून बमोजिम कारबाही हुने चेतावनी प्रशासनले दिएको थियो । दीपावली, नेपाल सम्वत् ११४५, छठ लगायतका राष्ट्रिय पर्वको अवसरामा जिल्ला प्रशासन कार्यालयले जिल्लाभित्र शान्तिसुरक्षालाई प्रभावकारी बनाउन ब्यापकरुपमा सुरक्षाकर्मी परिचालन गरेकोले ढुक्क भएर चाडपर्व मनाउन आग्रह गरेको थियो । शान्तिपूर्ण एवम् सौहार्दपूर्ण वातावरणमा चाडपर्व मनाउन कात्तिक ९ गतेको जिल्ला सुरक्षा समितिको बैठकबाट चाडपर्वको समयमा आफूले खुशीयाली मनाउँदा, मनोरञ्जन गर्दा अन्य व्यक्ति, छिमेकी, टोल, समुदाय र सार्वजनिक जीवनमा असर नपर्ने गरी मनाउन आग्रह गरिएको थियो । रातको ९ बजेसम्म मात्र देउसी तथा भैलोलगायत साँस्कृतिक मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने सुरक्षा समितिले निर्णय गरेको भएपनि यो क्रम मध्यरातसम्म चल्यो । तिहार र छठपर्व मनाउने क्रममा पटाका, भूईंचम्पा, आतिशवाजी जस्ता प्रज्वलनशीलपदार्थको प्रयोगबाट सर्वसाधारणको स्वास्थ्य, सुरक्षालगायत समग्र जनजीवनमा प्रतिकूल असर पर्ने हुँदा त्यस्ता पदार्थको भण्डारण, विक्रीवितरण, ओसारपसार तथा प्रयोग नगर्न नगराउन प्रशासनको आग्रह थियो तर, पटाका हरेक टोलमा पड्कन छोडेन ।

# संस्थाहरूको भुलभुलैयामा फसेको नेपालको कृषि



✍ दिपेश नेपाल

संस्थाहरूको संरचनामाथि गरेको अनुसन्धान र संस्थाहरूको निर्माण र विकासले नै राज्यलाई समृद्ध बनाउँछ भन्ने खोजका लागि अर्थशास्त्री डारोन एसिमोग्लु, साइमन जोन्सन र जेम्स रोबिन्सनले यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार प्राप्त गरे । राज्य व्यवस्था र संस्था संरचनाको परिवर्तनका लागि करिब एक शताब्दीदेखि प्रत्यक्ष आन्दोलन गर्दै आएका र समृद्धिको महसुस गर्न नसकेका नेपालीको लागि यो अनुसन्धान र पुरस्कार खिलमा गडेको काँडो बिझाए जस्तै भएको छ । व्यवस्था र संस्था परिवर्तन गरेर जनताकै शासन व्यवस्था कायम गर्ने विश्वासमा कहिले प्रजातन्त्र त कहिले लोकतन्त्रको लागि लडेका नेपालीको नेतृत्व गर्ने राजनैतिक संस्थाहरूले नै संस्थाहरूको निर्माणभन्दा आत्मकेन्द्रित प्रयोग गरेको कारण हामीले अपेक्षित उपलब्धि हासिल गर्न सकेका छैनौं । यही सन्दर्भमा, यो आलेख कसरी कृषि विकासका लागि बनाएका संस्थाहरूले नै नेपालको कृषिलाई ध्वस्त बनाए भन्ने वरपर केन्द्रित छ ।

**कृषि विकास**

नेपालको कृषि विकास गर्ने अड्डाको रूपमा राणा प्रधानमन्त्री चन्द्रशमशेरले १९७८ सालमा कृषि अड्डाको स्थापना गरेसँगै नेपालमा कृषि संरचना सहितको कृषि विकासको औपचारिक सुरुवात भएको मानिन्छ । यससँगै, १९८२ सालमा कृषि प्रदर्शन फार्मको स्थापना गरी कृषि अड्डालाई कृषि विभागको रूपमा विकसित गरियो । यी कृषि संरचनाको स्थापनाको उद्देश्य नेपालको कृषि क्षेत्रलाई पश्चिमाको जस्तै एकल र उत्पादनमुखी बनाउने नै थियो । अर्को शब्दमा भन्दा नेपालको कृषि विकास गर्ने थियो । नेपालमा कृषि संरचना निर्माण हुनुअघि नै जंगबहादुर राणाले उत्पादकत्व, व्यापार र शहरी सौन्दर्यलाई केन्द्रमा राखेर जर्सी गाई, चिया र ज्याकाराण्डा ल्याएका थिए । जसले नेपालको कृषिलाई विकसित बनाउनु भनेको उत्पादकत्व बढाउनु हो भन्ने धारणा विकसित गर्न सघायो ।

नेपालमा औपचारिक कृषि विकास गर्ने संरचना खुलेको एक शताब्दी नाघिसकेको छ । यो १०६ वर्षयता नेपालमा कृषि विकासकै लागि भनेर धेरै संरचनाहरू निर्माण भए । कृषिको मात्रै विकास गर्ने भनेर सिंचाइ र खाद्य व्यवस्थाको लागि छुट्टै मन्त्रालय खडा गरेर २०३८ सालमा कृषि मन्त्रालय नै निर्माण भयो । देश संघीयतामा गएसँगै सबै प्रदेशमा कृषि मन्त्रालय राखिएको छ । योसँगै कृषि विभाग, निर्देशनालय गरेर नेपालमा कृषि विकासकै लागि धेरै संरचनागत विकास गरिएको छ । तर कृषि उपजको उत्पादन, किसानको उत्प्रेरणा झनै घट्दो छ भने कृषि कर्मबाट विस्थापित किसान र किसानी श्रम विदेशिइरहेको छ ।

नेपालमा कृषि विकासकै लागि संरचना त विकसित भए तर न त संरचनाहरू स्वायत्त भए न एक शताब्दीमा हामीले व्यवसायीकरण र आधुनिकीकरणको नारा नै रट्न छोड्यौं । कृषि विकासका कार्यक्रम निर्माण गर्दा सरकारी निकायहरूले लोकतन्त्रको उपयोग नै गर्न सकेनन् । यसकारण जबर्जस्ती अनुदानका कार्यक्रमहरू, रसायन र विषादि आपूर्ति, जोन र सुपरजोन निर्माण गरी लगानी बढाउने जस्ता लोकप्रिय तर वर्षौंदेखि असफल कार्यक्रमहरूले निरन्तरता पाइरहे र ठूलो धनराशि खर्च भइरह्यो ।

सरकारी निकायहरूले नै हाम्रो परम्परागत कृषिलाई निर्वाहमुखी कृषिको दर्जा दिए र आम जनमानसमा एकल सघन खेती नै कृषि क्रान्तिको बाटो हो भन्ने भ्रम स्थापित भयो । कृषि कार्यक्रमहरू अलोकतान्त्रिक ढंगले निर्माण त गरियो नै, अर्कोतर्फ संघीयतासँगै संविधानले बोकेको कृषि विकासको विकेन्द्रीकरणको मर्म कार्यान्वयनमा आइपुग्दा कुल्चिइयो । कार्यक्रम निर्माण गर्दा, स्थानीय तहमा सशर्त अनुदान भनेर होस्, बजेट बाँडफाँटमा होस् या कर्मचारीको दरबन्दी हेर्दा होस्, कृषि संरचनाहरू पूरै केन्द्रीकृत भए । संघीयतासँगै जिल्ला तहको कृषि कार्यालय हटाउनुपर्ने चर्चा चल्यो । कर्मचारीहरूको आन्दोलनले त्यो सम्भव भएन र कृषि ज्ञान केन्द्र भन्ने संस्था बनाइयो । त्यो कार्यालयको काम नाम अनुसार नभएकाले बागमती प्रदेशले कृषि विकास कार्यालय भनेर नामकरण गरिसकेको छ । अन्य प्रदेशमा पनि यी कार्यालयले अनुदान वितरण बाहेक केही गरेको देखिंदैन । जसले स्थानीय तहमा रहेको कृषि शाखा, जिल्लाको कृषि ज्ञान केन्द्र र अन्य सरकारी प्रोजेक्टको कार्यक्रम एउटै, अझभन्दा अनुदान वितरण, लगत संकलनमा सीमित भयो ।

नेपालमा कृषि विकासका लागि भनेर खोलिएका संरचनाले सबैभन्दा धेरै कृषि प्रसार र अनुदान वितरणमा खर्च गरेको देखिन्छ जुन नेपालको कृषि क्षेत्रकै दुर्भाग्य बन्न पुगेको छ । हजारौं वर्षको प्रयोग र सिकाइ विधिबाट विकसित तथा पुस्तान्तरण हुँदै आएको कृषिले काम नगर्ने भाष्य सहित ल्याइएको किसानलाई सिकाउने प्रसार सेवाले नेपालको स्वचालित कृषि क्षेत्र ध्वस्त बनायो । बढेको कृषि लागतलाई छोप्न रसायनको अनुदानमा ठूलो धनराशि खर्च भयो । पछिल्लो एक दशकमा रासायनिक मलमा सरकारले गरेको लगानी र कृषि उपजको उत्पादनमा भएको वृद्धिको तथ्यांक हेर्न हो भने अनुदान रकम बराबरको उत्पादन पनि हुनसकेको छैन । जसले पनि पुष्टि गरेको छ, नेपालको कृषि विकासका लागि बनेका संस्थाहरू नै नेपाली कृषि प्रणाली ध्वस्त बनाउन उद्यत छन् र अझै पनि व्यवसायीकरणको रटान छोड्न सकेका छैनन् ।

**कृषि शिक्षा**

नेपालमा विकसित औपचारिक शैक्षिक प्रणाली भारतमा विस्तार भएको ब्रिटिश औपनिवेशिक शैक्षिक प्रणालीको प्रभावबाट सुरु भएको पाइन्छ । नेपालमा २०१४ सालमा पुल्चोकस्थित जगदम्बा भवनमा जेटीए तहको कोर्ष सुरु गरिएको थियो । २०२५ सालमा कलेज अफ एग्रिकल्चरको स्थापना भएर उक्त कार्यक्रम दुईवर्षे कृषि आईएस्सी एजीमा रूपान्तरण भयो । करिब चार वर्षपछि उक्त कलेजलाई कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको रूपमा विकास गरी बीएस्सी एजी तहको पढाइको सुरुआत गरियो ।

योसँगै नेपालमै प्रमाणपत्र भएका कृषि विज्ञहरू उत्पादन हुन सुरु गरे । पछिल्लो समयमा कृषिको छुट्टै विश्वविद्यालय आवश्यक छ भनेर कृषि तथा वन विज्ञान विश्वविद्यालयको निर्माण गरियो । अहिले धेरै विश्वविद्यालयहरूले कृषि स्नातक तथा स्नातकोत्तर अध्यापन गराउन सुरु गरेका छन् । कमजोर भौतिक पूर्वाधार, अध्यापन गराउने जनशक्तिको कमी र एउटै प्रकारको पुरानो पाठ्यक्रमको प्रयोगले कृषि अध्ययन गराउने विश्वविद्यालय तथा क्याम्पस बढे पनि कृषि शिक्षाको आकर्षण घट्दै गइरहेको छ । समथर मैदाने कृषिलाई नै कृषि विकास आधारको रूपमा व्याख्या गरिएको पाठ्यक्रम सरसर्ती हेर्दा हरित क्रान्तिको प्रचार सामग्री जस्तै देखिन्छन् ।

थोरै पनि स्थानीय कृषि विशेषताको चेत नभएका पाठ्यक्रमहरूले पढेका जनशक्तिलाई मैदाने, एकल र रसायन एवं विषादी विना उत्पादन सम्भव छैन भन्ने भाष्य स्थापित गर्न सफल भएका छन् । फलत: कृषि स्नातकले दिने प्रसार सेवा नेपालको कृषि र माटो दुवै सपार्न भन्दा बिगार्न उद्यत छ । नेपालको कृषि क्षेत्र राजनीतिको चरम दबाबमा छ, जसले विश्वविद्यालयहरूको साख मात्रै बिगारिरहेको छैन, त्यहाँबाट उत्पादन हुने हजारौं जनशक्तिको मनोविज्ञान, समग्र कृषिलाई हेर्ने दृष्टिकोण र सिंगो राष्ट्रप्रति नै वितृष्णा पैदा गरेको छ । अमेरिकामा सफल भएको 'ल्यान्ड ग्रान्ट विश्वविद्यालय' जस्तै विश्वविद्यालय निर्माणको आवश्यकता पूरा गर्ने भन्दै २०६७ सालमा त्रिभुवन विश्वविद्यालयकै स्रोत र जनशक्तिलाई छुट्याएर कृषि तथा वन विज्ञान विश्वविद्यालयको स्थापना गरियो ।

तर कुनै विकासमुखी संस्थाको भैं विश्वविद्यालय ऐनको प्रस्तावनामा नै आधुनिकीकरण गरी ग्रामीणस्तरको आर्थिक र सामाजिक विकास गर्ने कुरा उल्लेख भएको विश्वविद्यालय आफैं आर्थिक विवाद र राजनैतिक झमेलामा पर्दै आइरहेको छ । एउटा प्राकृतिक स्रोतसँग सम्बन्धित विषय अध्यापन गराउने विश्वविद्यालयको उद्देश्य प्राज्ञिक जनशक्ति उत्पादन गरेर प्राकृतिक स्रोतको मितव्ययी ढंगबाट उपयोग गर्न प्रोत्साहन गर्ने हुनुपर्ने हो । तर, आफैं आधुनिकीकरण र आर्थिक छलाङको महत्वाकांक्षा रहनु कति सुहाउँदो विषय होला ? त्यसमाथि विश्वविद्यालयमा हुने चरम राजनीति र पदाधिकारीको केन्द्रीकृत मनोविज्ञानले यो विश्वविद्यालयलाई एक प्रयोगशाला बनाएको छ भन्नु अतिशयोक्ति नहोला ।

पछिल्लो समय घिनलाग्दो विद्यार्थी राजनैतिक चपेटामा परेर कृषि तथा वन विज्ञान विश्वविद्यालय बन्द भएको दुई महिना नाघिसकेको छ । प्राय:जसो कृषि क्याम्पस चरम राजनीतिको सिकार भएका छन् । बारम्बार हुने झगडा र बन्दको कारण विद्यार्थीले ठूलो मूल्य चुकाउनुपरेको छ । डोरबहादुर विष्टले आफ्नो पुस्तक 'भाग्यवाद र विकास' मा लेखेका छन्- 'किसानहरू कृषि तालिम लिन पाउँदैनन्, जसलाई माटोप्रति लगाव नै छैन, उही कृषि प्राविधिक बन्छ । कृषि शिक्षा सरकारी जागिरको लागि मात्र पढिन्छ, पढाइन्छ ।'

योसँगै करिब पाँच वर्ष अगाडि संसद्मा बोल्दै प्रदीप गिरीले अर्थमन्त्रीलाई समेत आर्थिक वृद्धिदरलाई केन्द्रमा राखेर सामाजिक न्याय नहुने बताएका थिए । तर हाम्रो कृषि अध्यापन गराउने शैक्षिक संस्था माटोप्रति लगाव नभएको व्यक्तिलाई कृषि अध्यापन गराएर र उत्पादकत्वलाई केन्द्रमा राखेर सामाजिक न्याय प्राप्त गर्ने सपना बाँडिरहेका छन् । यस्तो अभ्यास नेपाली कृषिको लागि सकारात्मक संकेत हुँदै होइन ।

**कृषि अनुसन्धान**

कृषि क्षेत्रका समस्याहरूको अध्ययन-अनुसन्धान गरी समाधानका उपाय पत्ता लगाई सर्वसाधारण जनताको आर्थिक स्तर वृद्धि गर्ने उद्देश्य सहित २०४७ सालमा नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना भएको थियो । संघीयतासँगै हरेक प्रदेशमा कृषि अनुसन्धान निर्देशनालय समेत स्थापना गरेर कृषि अनुसन्धानलाई विकेन्द्रीकरण गरी क्षेत्रगत बनाउने घोषणा पनि भएको छ । तर आन्तरिक द्वन्द्व, लथालिङ्ग व्यवस्थापन र अत्यधिक राजनैतिक हस्तक्षेपको कारण कृषि अनुसन्धानको जिम्मेवारी पाएको परिषद् नै धरासायी भएको छ ।

कृषि क्षेत्रका समस्याहरूको अनुसन्धान गरी समाधानका उपाय पत्ता लगाउने प्रस्तावना सहित कृषि अनुसन्धान परिषद् ऐन, २०४८ पारित भयो । तर यही ऐनमा टेकेर निर्माण भएका संस्थाहरूमा अनुसन्धान भने केन्द्रीकृत ढंगबाट सञ्चालन हुँदै आइरहेको छ । नेपालको स्वचालित उत्पादन प्रणालीमाथि न त कुनै अनुसन्धान भएको छ, न अनुसन्धान गर्ने निकायहरूले आवश्यकता नै महसुस गर्दछन् । नेपालको अनुसन्धान गर्ने निकायको मुख्य काम नै मुख्य बालीका जातहरू विकास गर्ने र सिफारिस गर्ने रहेको छ । तर नेपालमा भारतीय र चिनियाँ जातहरूको प्रयोग बढिरहेको छ जसले हाम्रो अनुसन्धानको औचित्य माथि नै ठूलो प्रश्न उठाएको छ । वर्षौंदेखि वैज्ञानिक र प्राविधिकको पदपूर्ति हुन नसक्दा धेरैजसो संस्थाहरू कर्मचारीविहीन छन् । हरेक पटक कार्यकारी निर्देशकको नियुक्तिमा अनावश्यक राजनैतिक हस्तक्षेप स्पष्ट देखिन्छ । बढ्दो कृषि लागत, न्यून प्रतिफल, जलवायु परिवर्तनको जोखिम, बिग्रँदो माटोको गुणस्तर, बिग्रँदो किसानको स्वास्थ्य र रसायन र विषादी सहितको उत्पादन नेपालको समकालीन कृषिका मुख्य समस्याहरू हुन् । तर परपरसम्म हाम्रा अनुसन्धानका लागि निर्माण गरिएका संरचनाले यस्ता समस्याहरूलाई प्राथमिकतामा राखेका छैनन् ।

एकातर्फ सरकारले वर्षेनि धेरै रकम अनुसन्धानका संरचनाको चालु खर्च व्यवस्थापनको लागि खन्याइरहेको छ भने अर्कोतर्फ च्याउसरी उम्रिएका कृषि अध्यापन गराउने क्याम्पसमा स्रोतको कमि मुख्य समस्या देखाइन्छ । मनलाग्दी संरचनाको निर्माण र दीर्घकालीन योजनाको कमिले हाम्रो अनुसन्धान निकाय नहुँदा पनि नेपालको कृषिमा तात्विक फरक पर्दैन भन्ने भाष्य निर्माण हुनु नै डरलाग्दो विषय हो ।

**नोबेल पुरस्कार विजेताबाट हाम्रा कृषि संस्थाले के सिक्ने ?**

सरसर्ती हेर्दा नेपालमा भएका कृषिका संरचनागत विकासहरूले नेपाल सरकारको चालु खर्च मात्र वृद्धि भएको देखिन्छ । कृषि विकासको खम्बा मानिने शिक्षा, अनुसन्धान र प्रसारका तीनै वटा खम्बाले समकालीन समस्या पहिचान र दीर्घकालीन विकासको कार्यदिशा बनाउन सकेको देखिंदैन । विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सह-कुलपति रहने र उपकुलपतिको राजनैतिक नियुक्ति हुने व्यवस्था नै हामीमा विद्यमान केन्द्रीयता पुष्टि गर्न पर्याप्त छन् । कृषि विकासका संरचना र अनुसन्धानका निकायमा पनि विभिन्न परिषद् र समितिमा मन्त्रीदेखि प्रधानमन्त्रीको भूमिका राखिएको छ । यसले नियुक्ति र कार्यसम्पादनमा बारबार नेतृत्वको एकाधिकार हावी भएको देख्न सकिन्छ ।

हाम्रा संस्थाहरूले लोकतन्त्रको महसुस नै गर्न सकेका छैनन् । नेतृत्व चयनमा सरकारमा भएको दलको एकाधिकार र संस्थाभित्र संस्थाको नेतृत्वको एकाधिकार प्रत्यक्ष महसुस गर्न सकिन्छ । संविधानमा कृषिका नीति निर्माण बाहेकका सबै कार्यक्रम प्रदेश र स्थानीय तहको कार्यक्षेत्रमा राखियो तर बजेट र जनशक्ति अहिलेसम्म विकेन्द्रीकरण गर्न सकिएको छैन । समग्र कृषि क्षेत्रको विकास गर्ने संस्थाहरूको अवस्था सुधार नगरी जति नै लगानी गरे पनि कृषि क्षेत्रको विकास हुने अवस्था देखिंदैन ।

नोबेल पुरस्कार विजेताहरूले कुनै पनि देशको आर्थिक उन्नति हुनको लागि त्यहाँ रहेका संस्थाहरूको पूर्ण विकास हुन आवश्यक रहेको बताएका छन् । सर्वप्रथम संस्थागत संरचनाको विकास हुनु र ती संस्थाहरूले लोकतान्त्रिक निर्णय गर्न सक्ने क्षमता र वातावरणको निर्माण हुनु नै संस्थाहरूको पूर्ण विकास हुनु हो भन्ने उनीहरूको तर्क छ । नेपालमा पनि कृषि विकासको लागि संरचना र कर्मचारी निर्माण नभएको हैन तर त्यो लोकतान्त्रिक संस्था बन्न सकेको छैन । यदि हामी हाम्रा संरचनालाई संस्थाको रूपमा पूर्ण विकास नगर्ने हो भने जति नै लगानी या प्राथमिकतामा कृषिलाई राखे पनि कृषि क्षेत्र स्वचालित तथा आकर्षणको क्षेत्र नबन्ने निश्चित प्राय: छ ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक २२ गते बिहीबार ७ नोभेम्बर २०२४ । षष्ठी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२०, सूर्यास्त ५:१४ । छठपर्व ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नचिताएको काम सम्पन्न हुनेछ | **तुला** | : यात्राबाट नोक्सान हुनेछ |
| **वृष** | : मिहिनेतको फल मिल्नेछ | **वृश्चिक** | : घाउचोट लाग्न सक्नेछ |
| **मिथुन** | : स्वास्थ्यमा खराबी आउनेछ | **धनु** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **कर्कट** | : शुभ कामको संकेत मिल्नेछ | **मकर** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **सिंह** | : शरीरमा केही आलश्य हुनेछ | **कुम्भ** | : मित्रतामा कमी आउनेछ |
| **कन्या** | : सफलता मिल्न गाह्रो छ | **मीन** | : कामको जिम्मेवारी बढ्नेछ |

# भिन्तुना आन्दोलनको राजनीतिक आयाम

✍ सुरेश किरण

नेपालको इतिहासमा विभिन्न नामका संवत्हरू प्रयोग भएको पाइन्छ । शक संवत्, लिच्छवि संवत्, मानदेव संवत्, लक्ष्मण संवत्, विक्रम संवत्, इस्वी संवत्, बुद्ध संवत्, यले संवत्, मञ्जुश्री संवत्, नेपाल संवत् आदि । यी सबै संवत्हरूमध्ये सबैभन्दा लामो समय चलेको संवत् नेपाल संवत्मात्रै हो । जुन बखत् नेपाल संवत् आरम्भ भयो, त्यतिबेलादेखि आजसम्म यो संवत् यथावत् प्रचलनमा रहँदै आएको छ । जहाँनिया राणा शासकहरूले यो संवत्लाई सरकारी कामकाजबाट हटाए पनि जनताको दैनिक धार्मिक-सांस्कृतिक कामकाजमा भने यो कायम नै रह्यो । त्यसैले आजभन्दा ११४५ वर्ष अघिदेखि यो जनताको संवत्का रूपमा प्रचलित रहेको छ।

नेपाल संवत्लाई राज्यले गर्दै आएको अपहेलनालाई अस्वीकार गर्दै यसलाई राष्ट्रिय संवत्को दर्जा दिलाउनुपर्ने माग आजभन्दा करिब ५० वर्षअघि उठेको थियो । भाषा आन्दोलनका अगुवा प्रेमबहादुर कंसाकारले त्यतिबेला कुनै स्कुलको चौघेराभित्र सानो कोठामा नेपाल संवत् नयाँ वर्षको भिन्तुना कार्यक्रम आयोजना गर्नुहुन्थ्यो । त्यो अत्यन्त सानो स्वरूपको हुन्थ्यो । उहाँले सानो चिर्कटोमा कार्यक्रम र स्थान लेखी कार्डजस्तो बाँड्नुहुन्थ्यो । कार्यक्रममा नेपाल संवत्को राष्ट्रिय महत्व र यसलाई पनि राष्ट्रिय मान्यता दिलाउनुपर्ने विषयमा छलफल हुने गर्थ्यो । यो क्रम केही वर्ष चल्यो । त्यसको केही वर्षपछि नेपाल संवत्को नयाँ वर्षलाई सानो कोठाबाट बाहिर निकाली वसन्तपुरको खुल्ला स्थानमा सार्वजनिक समारोह नै आयोजना गरी मनाउन थालिएको थियो । नेपाल संवत् ११०० मा नेपाल संवत्को पहिलो सार्वजनिक भिन्तुना कार्यक्रम आयोजना गरिएको थियो । त्यसको आयोजन 'नेपालभाषा मंका: खल:' ले गरेको थियो । त्यतिबेला मंका: खल:को नेतृत्वमा पद्मरत्न तुलाधर, दुर्गालाल श्रेष्ठ, मल्ल के सुन्दर आदिजस्ता भाषा आन्दोलनका अगुवाहरू हुनुहुन्थ्यो ।

आजभन्दा ४५ वर्षअघि पहिलोपटक आयोजना गरिएको उक्त भिन्तुना ग्याली काठमाडौंको न:घल टोलबाट निस्किएको थियो । उक्त ग्यालीको नेतृत्व गर्नुभएका अगुवा मल्ल के सुन्दरका अनुसार त्यतिबेला ग्यालीमा जति मानिस निस्केको थियो त्यो वास्तवमा देशमा पञ्चायती व्यवस्था लागू भएपछि खुल्ला रूपमा भएको सम्भवत: सबैभन्दा ठूलो भेला थियो (मल्ल, नेपाल संवत् व भिन्तुना आन्दोलन, नेसं ११४४) । दलहरूमाथि प्रतिबन्ध लगाई सार्वजनिक भेलासमेत निषेध गरिएको त्यो समयमा एकै पटक त्यति मानिस सडकमा देखा पर्नु पञ्चायती व्यवस्थामात्र होइन, स्वयम् पञ्चायत विरोधी शक्तिहरूका लागि समेत अनौठो विषय थियो । किनभने पञ्चायत विरोधी प्रतिबन्धित राजनीतिक दलहरूले समेत त्योबेलासम्म त्यति ठूलो जन परिचालन गर्न सकेको थिएन ।

नेपाल संवत्को नयाँ वर्ष मनाउन आयोजना गरिने भिन्तुना ग्याली वास्तवमा नयाँ वर्षको 'सेलिब्रेसन' मात्र थिएन । त्यो उपत्यकाका स्थानीय नेवा: जनताको भाषा, संस्कृति र लिपिमाथि गरिएको दमनको प्रतिकात्मक प्रतिरोध पनि थियो । वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले उपत्यका कब्जा गरिसकेपछि यहाँका स्थानीय जनता राज्यसत्ता रुष्ट थिए । पृथ्वीनारायण शाहले आफ्नो 'दिव्योपदेश' मा उपत्यकाका नेवा: जनताका बारे जतिसुकै 'राम्रा' कुरा भनेको भनिए तापनि व्यवहारमा भने त्यो कतै पनि लागू भएको थिएन । त्यसमाथि राणा शासनको आरम्भपछि नेवा: जनतामाथिको दमन झन चर्किंदै जान थाल्यो । नेवा: जनताले बोल्ने नेपाल भाषा र नेपाल लिपिमाथि प्रतिबन्ध लगाइयो । चन्द्र शम्शेरको पालामा आएर नेपाल संवत्माथि पनि प्रतिबन्ध लगाइदियो । यो प्रतिबन्धलाई पनि तत्कालीन सरकारको राजनीतिक कदम नै मान्नुपर्छ । किनभने तत्कालीन राणासत्ताको पहुँच र भक्ति भारतप्रति समर्पित थियो । उनीहरू आफूलाई पनि भारतकै राजपूत खानदानको सन्तान भन्न रुचाउँथे। त्यसैले सरकारी कामकाजमा नेपाल संवत्लाई हटाएर भारतको विक्रम संवत् लागू गरे । राज्यसत्ता दमनकारी र निरंकुश भएका कारण स्थानीय जनताले त्यसको प्रतिरोध गर्न सकेका थिएनन्, तथापि त्यस विरुद्धको आक्रोश भने भित्रभित्र चलिरह्यो । एक दिन समय आएपछि त्यो 'भिन्तुना ग्याली' को रूपमा प्रकट भयो । २०१७ सालमा पञ्चायती व्यवस्था लागू भएपछि नेवा: समुदायलाई दिइँदै आएको सुविधा धमाधम खोस्दै लगेको थियो । रेडियो नेपालमा नेपालभाषाको समाचार र लोकप्रिय कार्यक्रम 'जीवन दबू' खारेज गरिदियो । विद्यालय शिक्षामा नेपालभाषाको पठनपाठन हटाइदियो । उच्चशिक्षामा हासिल गरेको प्रमाणपत्रलाई लोकसेवा आयोगले मान्यता दिन बन्द गऱ्यो । नेपालभाषामा साहित्य सिर्जना गर्ने सर्जकहरूलाई समातेर जेल भरे । यी तमाम अन्यायका कारण काठमाडौंका स्थानीय जनता उकुसमुकुस भइरहेको थियो । यस्तो असन्तोष पोख्ने 'सांस्कृतिक अवसर' बनेको थियो, न्हूदँया भिंतुना ग्याली ।

जुन बेला काठमाडौंमा बृहत् भिन्तुना ग्याली निक्लन शुरू भयो, त्यतिबेलाको राजनीतिक अवस्था पनि त्यस्तै संवेदनशील थियो । भारतमा निधन भएका वामपन्थी नेता पुष्पलालको लाश समेत काठमाडौंमा ल्याउन नदिएपछि नेपालको वामपन्थी खेमा घोर असन्तुष्टिमा थियो । त्यही बेला पाकिस्तानमा प्रजातन्त्रवादी प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई फाँसी दिएपछि त्यसैको निहुँमा काठमाडौंमा विरोध ग्यालीहरू निक्लन थालेको थियो । र, ०३६ सालको विद्यार्थी आन्दोलन चर्कने तरखरमा थियो । यस्तो संवेदनशील अवस्थामा नेपाल संवत्को नयाँ वर्ष मनाउन भिन्तुना आन्दोलन शुरू भएको थियो । त्यसैले यसप्रति तत्कालीन भूमिगत राजनीतिक पार्टीहरूको ध्यान आकृष्ट हुनु स्वाभाविक थियो ।

नेपालभाषा मंका: खल: मूलत: भाषिक अधिकारसम्बन्धी आन्दोलनकारी संस्था हो । यो संस्थाले आयोजना गरेको कार्यक्रममा भाषिक अधिकारका कुरा उठ्नु निश्चित थियो । त्यसैले मंका: खल:ले 'नेपाल संवत्लाई राष्ट्रिय मान्यता दिनुपर्छ' भन्ने नारा लगाएपछि त्यसको अभ्यन्तर मा 'नेपालभाषालाई राष्ट्रिय मान्यता दिनुपर्छ' भन्ने मनसाय पनि लुकेको थियो । त्यो मान्यता नेपालभाषा मात्र होइन देशका सम्पूर्ण उत्पीडित भाषाका हकमा लागू हुन्थ्यो ।

*क्रमश: पृष्ठ-३....*

# रविको जग्गा विवरण र बैंक स्टेटमेन्ट मगाएर अनुसन्धान

पोखरा/सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई मंगलबार अदालतमा उपस्थित गराउँदा दिनैभरि पोखरा तनावग्रस्त बन्यो । २ कात्तिकमा काठमाडौं पक्राउ गरेर पोखरा ल्याइएका लामिछानेलाई मंगलबार तेस्रो पटक अदालतमा उपस्थित गराइएको हो ।

रविसँगै गोर्खा मिडियाका पूर्वसञ्चालक तथा उपाध्यक्ष छविलाल जोशी, लिला पछाइ र जीबीका साझेदार नेचर हर्ब्सका सञ्चालक रामबहादुर खनाललाई अदालतमा उपस्थित गराइएको थियो । उनीहरु सबैलाई १० दिन हिरासतमा राखेर अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ ।



रविलाई धरौटीमा छाड्न सक्ने र फेरि पक्राउ गरी रुपन्देही लैजान सक्ने भन्दै बिहान साढे १० बजेदेखि नै रास्वपाका नेता कार्यकर्ता सडकमा उत्रिएका थिए । रास्वपाको प्रदर्शनले दिनभर र त्नचोकदेखि वाइचोकसम्मको क्षेत्र तनावग्रस्त बन्यो । निषेधित क्षेत्र तोकिएको शहीदचोक र अदालत क्षेत्रमा प्रदर्शनकारीलाई प्रवेश नदिन वाइचोकदेखि नै प्रहरी परिचालन गरिएको थियो ।

प्रदर्शनकारी निषेधित क्षेत्रमा प्रवेश गर्न खोजेपछि प्रहरीले ४ राउण्ड अश्रुग्यास प्रहार गर्‍यो भने लाठीचार्ज र धकेलाधकेल चलिरह्यो । प्रहरीले १६ जनालाई पक्राउ गर्‍यो । उता अदालतभित्र भने रविलाई थप २५ दिन हिरासतमै राखेर थप अनुसन्धान गर्न प्रहरीले अनुमति मागेको थियो । गत कात्तिक ८ गते ७ दिन म्याद थप गर्नुअघि इजलासमा आफूमथि प्रतिशोध साँधिको भन्दै भनाइ राखेका रविले मंगलबार भने केही कुरा राखेनन् ।

न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासमा रविको तर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्त, हरि सुवेदी, मेघनाथ पोखरेल, नारायण घिमिरे, जगन्नाथ ढकाललगायतले बहस गरे । उनीहरुले रविको बयानसमेत सकिइसकेको र थप नयाँ तथ्य पनि अदालतमा पेश नभएको भन्दै अब पनि हिरासतमा राखेर अनुसन्धान गर्न खोज्नु गैरन्यायिक हुने बताएका थिए ।

रविले पटक पटक दिएको बयान, संसदीय विशेष छानबिन समितिको प्रतिवेदन, पोखरा महानगर र प्रहरी आफैंले सूर्यदर्शन सहकारी माथि तयार पारेको वित्तीय प्रतिवेदनले पनि सहकारी ठगीमा रवि दोषी नदेखिएको उनीहरुको दाबी थियो । सहकारी ठगीमा प्रक्राउ गरेर थुनिराख्नका लागि नयाँ जाल बुनिराख्ने योजना अनुसार संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्धा पनि ल्याएको वरिष्ठ अधिवक्ता पन्तको भनाइ थियो । राजनीतिक इगो र प्रतिशोधकै कारण रविलाई पक्राउ गरी हिरासतमा राखिराख्ने उद्देश्यले म्याद मागिएकाले न्यायलयले आँखा देख्नुपर्ने तर्क उनको थियो । रुपन्देहीमा पक्राउ पुर्जी जारी भइसकेकाले नयाँ पत्ता लगाउनुपर्ने कुरा पनि नभएकाले कास्कीमा थुनिराख्नुनपर्ने उनीको जोड थियो ।

सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता कमला काफ्ले, जिल्ला सहायक न्यायाधिवक्ता शान्तिदेवी शर्मा र विपिनराज तिवारीले विभिन्न व्यक्तिका बयान, प्राप्त कागजात, प्रमाणका हिसाबले पनि रविलाई अझै हिरासतमै राखेर अनुसन्धान हुनुपर्ने बताएका थिए ।

जाहेरवालाका तर्फबाट बहस गरेका अधिवक्ता युवराज पराजुलीले गोर्खा मिडियामा लगानी भएका सूर्यदर्शनसहित ५ वटै सहकारी, जीबीले खोलेका विभिन्न संस्थाका मान्छेको पनि संलग्नता देखिएकाले अझै थुनामै राखेर अनुसन्धान हुनुपर्ने माग राखेका थिए ।

जिल्ला न्यायाधिवक्ता काफ्लेले रविपछि पनि केही व्यक्ति प्रक्राउ परेको र अहिलेसम्मको अनुसन्धानले केही नयाँ तथ्य र अनुहार देखिएको बताएकी थिइन् । रविपछि जीबी राईका साझेदार मानिएका नेचर हर्ब्स इन्टरनेसनलका सञ्चालक रामबहादुर खनाल पक्राउ परेका थिए । उनलाई पनि मंगलबार नै अदालतमा म्याद थपका लागि रविसँगै पेश गरिएको थियो ।

पक्राउ परेका व्यक्तिहरुको बयानले पनि रविको संलग्नता देखाएको र अहिलेसम्मको अनुसन्धानले पनि केही नयाँ तथ्य र अनुहार देखिएकाले हिरासतमै राख्नुपर्ने सरकारी वकिलको दाबी थियो । 'प्रतिवादीपछि पनि नयाँ नयाँ व्यक्ति पक्राउ परिरहेका छन् । उनको बयानले पनि रविलाई संलग्न देखाएको छ भने अहिलेसम्मको अनुसन्धानले नयाँ तथ्य र अनुहार देखिएका छन् । त्यहाँसम्म पुग्नका लागि पनि हिरासतमै राखिनुपर्छ', न्यायाधिवक्ता काफ्लेको माग थियो, 'कहाँ छापा मारिँदैछ, कोको पक्राउ पर्दैछन् भनेर पहिल्यै भन्न मिल्ने कुरा भएन । कतिपय सूचना र तथ्य गोप्य राख्नुपर्ने हुन्छ । त्यसैले पनि हिरासतमै राखेर अनुसन्धान गर्नुपर्ने देखिएको छ ।'

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा पहिले १९ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएकामा अहिलेसम्म ६० जनाभन्दा धेरैलाई पक्राउ गर्नुपर्ने देखिएको बताउँदै उनीहरुले अहिलेको अनुसन्धानले पनि थप नयाँ अनुहार देखिएको दाबी गरेका थिए । सहकारी ठगीबाट अनुसन्धान संगठित अपराध र सम्पत्ति शुद्धिकरणतर्फ सोझिएको र केही तथ्य तथा प्रमाण आउने प्रक्रियामै रहेको सरकारी वकिलको दाबी थियो ।

सम्पत्ति शुद्धीकरणको मुद्धामा मालपोत कार्यालयबाट विवरण मगाएको र बैंक स्टेटमेन्ट ल्याएर विश्लेषण तथा अध्ययन गर्नुपर्ने भएकाले पनि हिरासतमै राख्नुपर्ने सहायक न्यायाधिवक्ता विपिनराज तिवारीको माग थियो । प्राप्त तथ्य र प्रमाणको विश्लेषण गरेर अर्को चरणमा जानका लागि पनि केही समय अनुसन्धानका लागि आवश्यक पर्ने उनीहरुको जोड थियो ।

**"रास्वपा सिध्याउने प्रपञ्च"**

रास्वपाको प्रदर्शनलाई सम्बोधन गर्दै सांसद सोविता गौतमले कांग्रेस-एमालेको सरकारले रास्वपालाई सिध्याउन प्रपञ्च रचेको बताइन् । 'सहकारी ठगीको ८७ अर्ब खोइ ? रवि दाइलाई पक्राउ गरेपछि अरु सहकारीको ठगी खोज्न सरकार लागेको छ ? लागेको छैन । किनकि त्यो खोज्ने हो भने उनीहरुकै मानिसहरुको धेरै भेटिनेछन्', गौतमले भनिन्, 'यो वैकल्पिक र नयाँ शक्तिमाथिको प्रतिशोध हो । आफ्ना मान्छे जोगाउने र मुद्धालाई विषयान्तर गर्ने षडयन्त्र हो ।'

दोस्रो पटक कात्तिक ८ गते ७ दिनका लागि हिरासतमै राखेर अनुसन्धान गर्न म्याद थप भएपछि रास्वपाले काठमाडौं केन्द्रित आन्दोलन गर्ने बताएको थियो । पोखरामा त्यसपछि रास्वपाको आन्दोलनको प्रभाव थिएन । मंगलबार फेरि रविलाई अदालतमा उपस्थित गराउने भए पनि रास्वपाका नेता कार्यकर्ता जिरो किलोमिटरबाट, सिर्जनाचोक, रत्नचोक हुँदै वाइचोकनजिकैसम्म पुगेका थिए ।

रास्वपाले साढे १० बजे प्रदर्शनका लागि नेता कार्यकर्तालाई आह्वान गरेको थियो । प्रहरीले भने त्योभन्दा अगाडि १० बजे नै रविलाई अदालत पुर्‍याएको थियो । सूर्यदर्शन सहकारीबाट ५ करोड ५८ लाख ९ हजार रुपैयाँ गोर्खा मिडियामा गएको देखिन्छ । जीबी राई नेतृत्वको देशभरका सहकारीबाट ६५ करोड प्रत्यक्ष रुपमा गोर्खा मिडिया नेटवर्कमा गएको देखिन्छ । संसदीय विशेष छानबिन समितिको प्रतिवेदनमा भएको कारबाहीको सिफारिस र कास्कीमा परेको किटानी जाहेरीका आधारमा रवि र छविलाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाइएको हो ।

समितिले रवि, छवि र गोर्खा मिडियाकै सञ्चालक तथा सूर्यदर्शन सहकारीका कोषाध्यक्ष कुमार रम्तेललाई पनि कारबाहीका लागि सिफारिस गरेको थियो । रम्तेल पुर्पक्षका लागि कास्की कारागारमै छन् । रविमाथि सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्धामासमेत अनुसन्धान भइरहेको छ । रविलगायतमाथि रुपन्देहीमा पनि पक्राउ पुर्जी जारी भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# जापानका १४ सहरमा प्रदर्शन हुँदै 'ह्रस्व दीर्घ'

काठमाडौं/यही कात्तिक ३० गते अर्थात् गुरु नानक जयन्तीको दिन पारेर प्रदर्शनको तयारीमा रहेको फिल्म 'ह्रस्व दीर्घ'को स्टारकास्ट र टिजर रिलिजपछि विदेशमा माग चुलिएको छ । यसैबीच, फिल्मको जापानका लागि प्रदर्शन अधिकार बिक्री भएको छ । विटिकेएस इन्टरटेन्मेन्टले फिल्मको जापान राइट्स लिएको हो । खरिद मूल्य भने खुलाइएको छैन ।

जापानको टोकियो, नारिता, नागोया, फुकुओका, चिबा, ओशाका, कोबे, क्योतो, सिजुओका, निगाता, ओकिनावाका, एबीको, फुनाबासी लगायत १४ सहरमा फिल्म प्रदर्शन हुने निश्चित भएको वितरक विमल न्यौपानेले जनाएका छन् । यद्यपि, जापानका लागि रिलिज मिति भने घोषणा गरिएको छैन ।




'ह्रस्व दीर्घ'मा नेपाली र भारतीय कलाकारको पल्टन नै छ । यसमा साउथका चर्चित कलाकारहरु ब्रह्मानन्दम, अली, कवीर दुहान सिंह, प्रदीप रावत, कवीर दुहान सिंह र सुनिल वर्मासहित नेपाली कलाकारहरु नीता ढुंगाना, हरिहर अधिकारी, विपना थापा, प्रशान्त ताम्राकार, सञ्चीता लुईटेल, विपना थापा, सरोज खनाल, नरेन खड्का, गरिमा शर्मा, रवीन्द्र झा लगायतको अभिनय छ ।

फिल्मलाई चन्द्र पन्तले निर्देशन गरेका हुन् । द्वन्द्व निर्देशनमा स्थापित उनको यो पहिलो निर्देशित फिल्म हो । यसअघि उनले केही भोजपुरी फिल्मको भने निर्देशन गरि सकेका छन् । नीता फिल्मस्को प्रस्तुतिमा निर्माण भएको फिल्मका कार्यकारी निर्माता धनन्जय गलानी हुन् । फिल्मलाई बलिउडका चर्चित सिनेमाटोग्राफर कवीरलालले खिचेका हुन् ।

# 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३'माथि भारी पर्‍यो 'पूर्ण बहादुरको सारङ्गी'



काठमाडौं/नेपालीमा एउटा उखान छ, 'नपत्याउने खोलाले पनि बगाउँछ ।' यतिबेला यो उखान प्रदर्शनरत फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को हकमा चरितार्थ भएको देखिन्छ । प्रदर्शनअघि राम्रो 'हाइप' निर्माण नहुँदा फिल्मको व्यापार औसत हुनसक्ने धेरैको आँकलन थियो । तर, फिल्मले सबै अनुमान र गणितलाई गलत सावित गरेको छ । यतिबेला फिल्मले बक्स अफिसमा सुनामी ल्याएको छ ।

फिल्म प्रदर्शनपूर्व 'काँधेकुरी' गीत विस्तारै लोकप्रिय बन्दै थियो । तर, प्रचार प्रभावकारी बन्न सकेको थिएन । न त स्टार डम भएका कलाकार थिए । यसैले फिल्मप्रति प्रदर्शक (हल व्यवसायी)ले समेत ठूलो अपेक्षा गरेका थिएनन् । जसले गर्दा सुरुमा फिल्मले अपेक्षित शो पाउन सकेन । बरु प्रदर्शकहरुको भरोसा तिहारका दुई बलिउड फिल्म 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३'मा देखियो । र, यिनै फिल्मलाई भएभरको शो थमाइयो ।

'पूर्ण बहादुरको सारङ्गी'ले पहिलो दिन (लक्ष्मीपूजा, बिहीबार) देशभर १ सय १० हाराहारी शो पाएको थियो । तर, पहिलो दिनै अकुपेन्सी कमजोर हुँदा र बलिउडका 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३'को रिलिजका कारण दोस्रो दिन फिल्मको शो धेरै घट्यो । तर, बलियो 'वर्ड अफ माउथ'पछि शनिबारबाट फिल्मले बक्स अफिसमा ल्याएको उछाल तिहार विदा सकिएपछि पनि कायम छ ।

फिल्म हेर्न दर्शक ओइरिएपछि हलहरुले उल्लेख्य मात्रामा शो वृद्धि गरेका छन् । अहिले 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३'भन्दा लगभग दोब्बर बढी शो फिल्मलाई दिइएको छ । मंगलबार देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले मात्र ७९ शो दिएको छ । जबकि, रिलिजको दिन यही चेनले जम्मा ३८ शो दिएको थियो । क्यूएफएक्सले फिल्मलाई 'सुपरहिट'को मान्यता समेत दिइसकेको छ । व्यापारको आधारमा क्यूएफएक्सले फिल्मलाई 'सुपरहिट' र 'ब्लकबस्टर' घोषणा गर्ने गरेको छ ।

मंगलबार फिल्मले दुई सयभन्दा बढी शो पाएको वितरकले जनाएका छन् । र, अधिकांश शोमा बिहानैदेखि देशभर अकुपेन्सी उच्च छ । मंगलबार मात्र फिल्मले डेढ करोडमाथि व्यापार गर्ने प्रक्षेपण गरिएको छ । 'वर्ड अफ माउथ' सशक्त रहेकाले फिल्मले घरेलु बक्स अफिसमा १० करोडको आँकडा सजिलै कटाउन सक्ने देखिन्छ । फिल्मले प्रदर्शनको पाँच दिनमा ४ करोड ८७ लाख ग्रस व्यापार गरेको वितरकको दाबी छ ।

'पूर्ण बहादुरको सारङ्गी' ठूलो जोखिम मोलेर प्रदर्शनमा आएको थियो । किनकि, फिल्मलाई हलमा टिक्न नै सहज थिएन । एकातिर दशैंका दुई फिल्म 'छक्का पञ्जा ५' र '१२ गाउँ'को हलमा दबदबा कायम थियो भने अर्कोतिर बलिउडका 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३'को ठूलो 'थ्रेट' थियो । तर, यतिबेला सबै फिल्ममाथि 'पूर्ण बहादुरको सारङ्गी' भारी परेको छ ।

फिल्मको व्यापार आक्रामक बन्नुमा टिकटक सबैभन्दा ठूलो कारण मानिएको छ । फिल्म हेर्दा हलभित्रै दर्शकहरु रोएको भिडियो भाइरल बन्न थालेपछि त्यसले दर्शकमा हुटहुटी जगायो । फिल्मका केही भावुक दृश्यहरु पनि टिकटकमा छ्यापछ्याप्ती भए, जसले दर्शकलाई हलसम्म पुर्‍याएको छ । यतिबेला टिकटकले नै 'पूर्ण बहादुरको सारङ्गी'लाई बचाएको विश्लेषण भइरहेको छ ।

बाबुले छोराका लागि देखेको सपनाको कथा फिल्मले भन्छ । यसमा अभिनेता विजय बराल शीर्ष भूमिकामा छन् । उनको छोराको भूमिकामा गायक समेत रहेका प्रकाश सपूत देखिएका छन् । फिल्म हेर्ने अधिकांशले विजयको अभिनयको बढी प्रशंसा गरेका छन् । कतिपय उनलाई 'नेचुरल स्टार'को समेत ट्याग दिएका छन् । उनका लागि 'पूर्ण बहादुरको सारङ्गी' करिअरको 'टर्निङ पोइन्ट' बनेको छ । उनले शीर्ष भूमिकामा काम गरेको यो पहिलो फिल्म हो ।

# चाडपर्वमा राइड सेयरिङको ठगी, उठाए चौगुनासम्म भाडा

काठमाडौं/तिहारको भाइटीकाको दिन दिउँसो २ बजे शंखमूल बस्ने सरोज श्रेष्ठ (नाम परिवर्तन) ले महाराजगञ्जबाट इन्ड्राइभमा नयाँबानेश्वर आउँदा ४ सय रुपैयाँ तिर्नु पर्‍यो । अन्य दिन उनले सो दूरी तय गर्न १३० रुपैयाँ मात्रै तिर्ने गरेका थिए । 'सस्तो हुन्छ भनेर इनड्राइभ गरेको त्यो दिन त तीन गुणाभन्दा बढी मूल्य तिर्नु पर्‍यो, चाडपर्वको अवसर पारेर जनतालाई यसरी ठग्न पाइन्छ ?' उनी प्रश्न गर्छन ।

भाइटिकाको दिन बौद्धबाट लोलाङसम्म गएको ३५० रुपैयाँ तिर्न परेपछि श्याम लामा (नाम परिवर्तन) राइडरसँग रिसाएका थिए । '१.२ किलोमिटरको ३५० रुपैयाँ कसरी हुन्छ, हिजो अस्ती एक सय रुपैयाँ आइरहेका थियौं', लामाले भने । त्यसपछि राइडरले यति नै उठेको भन्दै रिसाएपछि केही बेर विवाद पनि भयो । त्यसपछि उनले तिर्न बाध्य भए । यस्तै, गोठाटारबाट चाबहिल प्लाजासम्म जान इन्ड्राइभ गर्न खोज्दा १ हजार २ सय ५ रुपैयाँ एपले देखाएपछि सुवोध खतिवडा (नाम परिवर्तन) छक्क परेका थिए ।

'लुट्न पाउने बेला सोचेर लुटेको जस्तो देखिन्छ । यसरी जनता मार्ने काम राइडिङ कम्पनीले गर्दा सरकारलाई वास्ता छैन,' खतिवडा भन्छन् । सार्वजनिक सवारी कम चलेको दिन, पानी परेको दिन राइडिङ सेयर कम्पनीले अन्य समयभन्दा बढी रकम असुलेर ग्राहकको बाध्यतामा खेल्ने गरेको गुनासो रहँदै आएको थियो । तर, तिहारमा राइड सेयरिङ कम्पनीहरूले असामान्य रूपमा भाडा बढाए ।

राइड सेयरिङले भाडा चर्को लिएपछि ग्राहकहरूले यातायात व्यवस्था विभाग, बागमती प्रदेशको यातायात मन्त्रालयसम्म गुनासो गरे । उनीहरूले विभिन्न सामाजिक सञ्जालमा बढी भाडा लिएको भनेर पोष्ट पनि गरेका छन् । तर, नियमन गर्नुपर्ने निकाय बागमती प्रदेशको यातायात मन्त्रालय भने यसबारे कानुन नै नबनेको भन्दै पन्छिएको छ । नेपालमा सबैभन्दा बढी प्रचलनमा रहेको राइड सेयरिङ एपहरू इन्ड्राइभ र पठाओ दुवैले तिहारका बेला बढी भाडा लिएको गुनासो ग्राहकहरूको छ । तर, पठाओको तुलनामा इन्ड्राइभले अत्यधिक महँगो भाडा लिएको गुनासो ग्राहकहरूको छ ।

आफ्नो एपमा प्राविधिक समस्या आएकाले अत्यधिक महँगो भाडा देखाएको इन्ड्राइभले स्वीकार गरेको छ । 'केही इनड्राइभ प्रयोगकर्ताले हाम्रो एपमा भाडा निर्धारण गर्दा समस्या बेहोरेको घटनामा हामी इमानदारी साथ क्षमायाचना गर्दछौं । अब यो समस्या पूर्णरूपमा समाधान भइसकेको छ,' इन्ड्राइभले सामाजिक सञ्जालमा एक सन्देश पोष्ट गर्दै भनेको छ ।

इन्ड्राइभको एसिया प्यासिफिक क्षेत्रकी जनसम्पर्क तथा सञ्चार प्रमुख पवितनन्दा आनन्दले संचारकर्मीसँग कुरा गर्दै आइतबार दुई घण्टा जति प्रणालीमा समस्या आएर बढी भाडा देखाएको दाबी गरिन् । तर, आइतबार राइडरहरूले दिनभरि नै बढी भाडा असुलेका थिए । कुन दुई घण्टा चाहिँ समस्या आएको हो भन्ने संचारकर्मीको प्रश्नमा उनले समयबारे पछि जानकारी दिने बताए पनि त्यो उपलब्ध गराइनन् ।

'जब हामीले त्यसबारेमा थाहा पायौं, तत्कालै समस्या समाधान गर्‍यौं । र, यसबाट परेको असुविधाप्रति हामीले क्षमायाचना समेत गरिसकेका छौं,' उनले भनिन् ।

प्राविधिक समस्याका कारण यात्रुले बढी भाडा तिर्नुपरेको स्वीकार गरे पनि बढी भाडा भने फिर्ता नगर्ने इन्ड्राइभले बताएको छ । यात्रुले कति भाडा तिर्दैछु भन्ने थाहा पाएर, त्यसमा सहमत भएर पैसा तिरकाले त्यो फिर्ता नहुने आनन्दको भनाइ छ । 'हाम्रो प्रणालीमा ड्राइभर र यात्रुले भाडादरमा सहमति गरेर सवारीसाधन लिने गरिन्छ । त्यसो हुँदा यात्रुले जुन भाडा तिरे, त्यो उनीहरू सहमत भएर तिरेको भाडा हो । त्यसो हुँदा त्यो भाडा फिर्ता दिन सक्दैनौं,' उनले भनिन् ।

चाडबाडको बेला मानिसलाई बाध्य बनाएर भाडा असुल्ने अनि फिर्ता नगर्ने भन्ने पनि हुन्छ त ? भन्ने प्रश्नमा उनले आफूहरूले यात्रुहरूलाई बढी भाडा तिर्न बाध्य नपारेको जिकिर गरिन् । 'कुन ठाउँमा जान कति भाडा तिर्दैछौं भन्ने पूर्व जानकारी यात्रुलाई हुन्छ, उनीहरू त्यो भाडा तिर्न तयार भएर चढेका हुन् । हामीले एपमा न्यूनतम् भाडा प्रस्ताव गर्छौं, त्यसपछि कति बढी भाडा लिने वा तिर्ने हो, त्यो यात्रु र ड्राइभरको सहमतिमा तय हुने हो,' उनले भनिन् ।

आफ्नो एपमा अधिकतम भाडाको सीमा चाहिँ नतोकिने उनले बताइन् । 'यो यात्रु र ड्राइभरको सहमतिमा तय हुने हो,' उनले भनिन् । पठाओले भने भाइटिकाको दिन अधिकतम ३० प्रतिशतसम्म भाडा बढाएको स्वीकार गरेको छ । भाइटिकाको दिन राइडरहरू कम मूल्यमा अनलाइनमा नहिँड्ने समस्याको कारण भाडा बढाउनु परेको पठाओ नेपालकी मार्केटिङ निर्देशक सुरक्षा हमालले बताइन् ।

*(स्रोत: अनलाइनखबर)*

# भिन्तुना आन्दोलनको...

फलत: नेपालभाषा मंका: खल:ले नयाँ वर्षको उपलक्ष्यमा उठाएको यो मागप्रति विभिन्न आदिवासी जनजाति समुदायको पनि समर्थन र एक्यवद्धता थियो। भाषिक र सांस्कृतिक अधिकार प्राप्तिको लागि भिन्तुनाकै नाममा भए पनि आन्दोलन त गरियो, तर यो अधिकार पञ्चायती व्यवस्थाबाट प्राप्त हुन सक्दैन, यसको लागि पञ्चायती व्यवस्थालाई नै फाल्नुपर्छ भन्ने राजनीतिक चेत पनि प्रवाह हुँदै जान थाल्यो । पञ्चायती व्यवस्था भाषिक-सांस्कृतिक रुपले अति नै अनुदार थियो । देशमा खस नेपाली बाहेक अरू कुनै पनि भाषालाई मान्यता दिने पक्षमा यो थिएन । 'एक राजा एक देश, एक भाषा एक भेष' भन्ने अत्यन्त अनुदारवादी विचारले यो निर्देशित थियो। भाषा आन्दोलनका लागेका प्रतिष्ठित हस्तीहरूलाई विभिन्न प्रलोभनमा पारी पञ्चायती व्यवस्थाको दास बनाउने अभियान पनि दरबारले चलाउँदै थियो ।

फलत: भाषिक-सांस्कृतिक अधिकार प्राप्त गर्ने हो भने यो व्यवस्थाकै परिवर्तन आवश्यक छ भन्ने चेतबाट भिन्तुना आन्दोलन पनि प्रभावित हुँदै थान थाल्यो । आन्दोलनले भाषिक-सांस्कृतिक अधिकार प्राप्तिका लागि व्यवस्था परिवर्तन आवश्यक छ भन्ने विचार बोक्न थालेपछि यो नयाँ वर्ष मनाउने 'सेलिब्रेसन' मात्र होइन, तत्कालीन व्यवस्था विरोधी भूमिगत राजनीतिक दलहरूका लागि पनि आफ्ना विचार प्रवाह गर्ने साझा अवसर बन्दै जान थाल्यो । आन्दोलनका अगुवा मध्येका एक मल्ल के. सुन्दरले आफ्नो पुस्तकमा लेख्नुभएको छ, 'त्यसो त नयाँ वर्षको उपलक्ष्यमा निकालिने जुलुस भए पनि सत्ताबाट भइरहेको भाषिक विभेद, सांस्कृतिक र धार्मिक पक्षपात अनि निषेध गरिएको नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रताको अधिकार यथास्थितिप्रति मानिसको मनमा लामो समयदेखि गुम्सिरहेको भावना सडकमा आई पोख्ने एउटा अवसर जस्तै भयो भिन्तुना जुलुस । जानी नजानी शासकहरूपति खबरदारीको औंलो ठड्याउने मौका माने मानिसहरूले ।'

भिन्तुना आन्दोलनले तत्कालीन शासकहरूका विरुद्ध औंलो ठड्याएर पञ्चायती व्यवस्थाका विरुद्धमा आफूलाई उभ्याएका कारण पञ्चायत व्यवस्था ढाल्न भूमिगत रूपमा गतिविधि गरि रहेका तत्कालीन राजनीतिक दलहरूलाई ठूलो टेवा मिल्न गएको थियो । त्यतिबेला आयोजना गरिने भिन्तुना ऱ्यालीहरूमा राजनीतिक दलका नेता एवं कार्यकर्ताहरू पनि सहभागी हुन आउँथे । यो ऱ्यालीलाई बन्द गराउन एकपटक प्रशासनले ऱ्यालीमाथि हस्तक्षेपको प्रयास पनि गरेका थिए । केही सहभागी पक्राउ पनि परे । नेपालभाषा मंका: खल:का अध्यक्ष एवं भिन्तुना आन्दोलनका अगुवा पद्मरत्न तुलाधर आफैं पञ्चायती व्यवस्था विरुद्धको आन्दोलनमा तत्कालीन नेपाली कांग्रेस र वामपन्थी शक्तिलाई एक ठाउँ ल्याउने सूत्रधार बन्नुभएको थियो । त्यसैले पञ्चायती व्यवस्थाको पतन भएपछि भिन्तुना आन्दोलनले भाषिक-सांस्कृतिक अधिकार मात्र होइन, राजनीतिक अधिकार समेत प्राप्त भएको महसुस गरेको थियो । भिन्तुना सभामा देशको प्रधानमन्त्री लगायत विभिन्न दलका नेताहरूले सम्बोधन गर्ने क्रम त्यसै बेलादेखि शुरू भएको थियो । केही पार्टीका कार्यकर्ताहरू आफ्नो पार्टी झण्डा नै बोकेर ऱ्यालीमा सहभागी हुने क्रम पनि चलेको थियो । तर, आन्दोलनका अगुवाहरूले भिन्तुना ऱ्यालीलाई सांस्कृतिक धारबाट अलग्ग नलाने सुझबुझ देखाएका कारण त्यो दलीय हस्तक्षेपबाट भने मुक्त हुन सकियो ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'रुकुम मैकोट' डेढ महिनादेखि ग्लोबल ट्रेन्ड्रिङमा, ५ करोड पटक हेरियो

काठमाडौं/नेपाली फिल्म 'खुस्मा'मा समावेश लोकशैलीको गीत 'रुकुम मैकोट' डेढ महिनादेखि युट्युवको ग्लोबल ट्रेन्ड्रिङमा छ । असोज ६ गतेदेखि सूचीमा समावेश यो गीत ८३ औं स्थानमा छ ।

एसडी योगीद्वारा संगीतबद्ध गीतलाई मंगलबारसम्म ५ करोड भन्दा धेरै पटक हेरिएको छ । झण्डै ९ हजार जति प्राप्त प्रतिक्रिया पनि सकारात्मक छ । यो गीत अहिले पनि टिकटक र रिल्समा उत्तिकै लोकप्रिय छ ।

युट्युवले हरेक साता 'ग्लोबल टप म्युजिक भिडियो'को सूची अपडेट गर्छ । 'रुकुम मैकोट' असोज पहिलो साता ग्लोबल ट्रेन्ड्रिङको ५९ औं स्थानमा थियो । सुरुमा यो गीत ७३ औं स्थानमा थियो । लोकलय र मनछुने शब्दको कारण यो गीतलाई धेरैले रुचाइरहेका छन् । धीरज मगर र उपासनासिंह ठकुरी फिचर्ड भिडियोमाथि विदेशीले पनि टिकटक बनाइरहेका छन् । यसअघि नेपाली गीत 'कश्मिरे पछ्यौरी' पनि झण्डै दुई साता ग्लोबल ट्रेन्डिङमा स्ट्रिमिङ भएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# राप्तीतटमा छठ पूजाको तयारी अन्तिम चरणमा





साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१, स्थित राप्तीतटमा छठ पर्वको पूजाका लागि पन्डाललगायत संरचना निर्माणको काम धमाधम चलिरहेको छ ।

राप्तीपुलको उत्तरतर्फ खोलाकिनारमा पण्डाल टाँग्ने, राजमार्गसँगै गेट निर्माण गर्ने, किनार सम्म पूजाका लागि जाने भक्तजन र दर्शनावलम्बीको सहजताका लागि अस्थायी गोरेटो बनाउने कार्य गरिएको छठ पूजा समारोह समितिका संयोजक रवि गुप्ताले जानकारी दिए । हेटौंडाको बुद्धचोकदेखि राप्तीतटसम्म सडकको दायाँबायाँ बत्ती बालेर झिलिमिली बनाइएको छ ।

बिहीबार अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व मनाउनका लागि ६ सय २० फिट लामो पन्डाल टाँगिएको छ । राप्तीखोला ठूलो भएकाले व्यवस्थित गर्न केही समय बढी लागेको र तयारी अन्तिम चरणमा पुगेको उनले बताए । तटमा टाँगिएको पन्डालमा ७ सयजना भन्दा बढी व्रतालु अट्ने क्षमताको छ । व्रतालुहरु बिहीबार रातभर त्यही पन्डालमुनि जाग्राम बसेर पूजा गर्नेछन् । छठ पर्वमा व्रतालु र अवलोकन गर्न जानेहरुको संख्या हजारौंको हुनेगर्छ । गत वर्ष ६० हजारभन्दा बढीको सहभागिता रहेको आयोजकको दाबी छ ।

तराई/मधेश, पहाड र हिमाल जोड्ने छठ पर्व अहिले सेतुको रुपमा रहेको छ । हेटौंडामा बर्सेनि छठपर्व मनाउनेको संख्या बढ्दै गएको छ । यहाँ बसोबास गर्ने मधेशका हुन् वा पहाडका अधिकांश छठपर्वको दिन राप्तीतट पुग्ने गर्छन् । सूर्यदेवको आराधना र उपासना गर्ने कयौं व्रतालुहरु पहाडीया छन् । छठपर्व विशेषगरी तराईबासीले मनाउने गरे पनि पछिल्लो समय हेटौंडामा तराई तथा पहाडी दुवै समुदायले भक्तिभावले मनाउने गरेको सुशील सिनोरियो बनियाँले बताए ।

नियम निष्ठाका साथ मनाइने गरिएको यस पर्वको पहिलो दिन आइतबार व्रतालु महिला आत्मशुद्धि गर्छन् । लसुन र प्याज पनि नखाने, अरुवाअरुवाइन अर्थात् शुद्ध भोजन गर्छन् । यसलाई ‘नहायखाय’ भनिने गरिएको छ । दोस्रो दिन सोमबार दिनभर उपवास बसेर बेलुकीको समयमा नयाँ माटोको चुलोमा पूजाका लागि खीर पकाउने र सोही खीर घरको देवीदेउतालाई अर्पण गरेपछि परिवारका सदस्यबीच प्रसादका रुपमा वितरण गरी व्रतालुले आफू पनि प्रसादकै रुपमा ग्रहण गरेर व्रतलाई निरन्तरता दिने गरिन्छ ।

पर्वको तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ दिएर र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ अर्पण गरेपछि चार दिनको यो पर्व विधिवत्रुपमा सम्पन्न हुनेगर्छ । यस पर्वको मुख्य विशेषतामा शक्तिरुपी माता छठ र संसारलाई प्रकाशमान पार्ने सूर्यदेवको संयुक्त रुपमा पूजा गरेर पर्व मनाउने गरिन्छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइने जनविश्वास रहेको संयुक्त मधेशी सेवा समाजका सचिव नन्दलाल दास बताउँछन् । यो पर्वको व्रत बसेमा मुख्यतः सन्तान प्राप्ति, रोग निदान र पारिवारिक कल्याण हुने विश्वास छ ।

महाभारतका अनुसार द्रौपदीसहित पाण्डव अज्ञातवासमा रहँदा गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । पाण्डव मिथिलाको किराँत राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोककथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।

सूर्यपुराणअनुसार सर्वप्रथम पत्नी अनुसुईयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ ।

# अब बैंक तथा वित्तीय संस्थामा छुट्टै ‘केवाईसी’ भर्नु नपर्ने

काठमाडौं, २० कात्तिक/ सरकारले बैंक तथा वित्तीय संस्थाहरूमा खाता खोल्दा अनिवार्य आवश्यक पर्ने ग्राहक सम्बन्धी विस्तृत विवरण (केवाईसी) लाई सहज र छरितो बनाउने भएको छ । नेपाली नागरिकले राष्ट्रिय परिचयपत्र बनाउँदा पेस गरेको विस्तृत विवरणलाई नै बैंक तथा वित्तीय संस्थाले लिन सक्ने गरी व्यवस्था हुन लागेको हो ।

गत साता बिहीबार जारी भएको ‘सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०८१’ मा यस्तो व्यवस्था गर्न लागिएको हो । उक्त नियमावलीको नियम ३ मा ‘विद्युतीय माध्यमबाट ग्राहक पहिचान गर्न सक्ने’ व्यवस्था थपिएको हो । उक्त व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाले ग्राहकको व्यक्तिगत विवरण नेपाल सरकारकोडिजिटल अभिलेखबाट तानेर हेर्न सक्नेछन् । त्यसका लागि व्यक्तिले नागरिकता र राष्ट्रिय परिचयपत्र बनाएको हुनुपर्ने छ ।

अहिले बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने व्यक्तिले हरेक खातापिच्छे केवाईसी फारम भर्नुपर्छ । हरेक ठाउँमा विवरण भर्दा झन्झट हुने र कतिपय अवस्थामा ग्राहकको गोप्य र वैयक्तिक विवरण सार्वजनिक हुने जोखिम रहेको आवाज उठिरहेका बेला सरकारले नयाँ व्यवस्था गरेको हो ।

नयाँ व्यवस्था अनुसार नेपाल सरकारले विद्युतीय अभिलेखमा राखेको व्यक्तिगत विवरणमा बैंक तथा वित्तीय संस्थाले पहुँच राख्नका लागि आग्रह गर्नेछन् । ग्राहकले अनुमति दिए संग्रहित भएको व्यक्तिगत विवरण उनीहरूले पाउनेछन् । त्यसका लागि सम्बन्धित व्यक्तिको सहमति अनिवार्य गरिएको छ ।

त्यसरी संकलन गरिएको विवरण सम्बन्धित ग्राहकबाटै फेरि प्रमाणीकरण गराउनुपर्ने छ । बैंक तथा वित्तीय संस्थाले थप विवरण चाहे ग्राहकको अनुमतिमा मात्रै पाउने व्यवस्था गरिएको छ । यसरी सरकारी निकायबाट विवरण संकलन गर्दा बैंक तथा वित्तीय संस्थाले व्यक्तिको नामथर, लिंग, उमेर, नागरिकता र राष्ट्रिय परिचयपत्रमा उल्लेखित विवरण, तत्काल सम्पर्क गर्न सकिने नम्बर, आमाबाबुको विवरण, सवारीचालक, पासपोर्ट, मतदाता परिचयपत्र नम्बर लगायत विवरण लिन पाउनेछन् । हरेक खातावालको वैयक्तिक विवरण अभिलेखीकरण गर्न झन्झट हुने भएपछि त्यसका लागि कुनै कम्पनी स्थापना गरेर यसखालको सेवा दिनेबारे अनौपचारिक गृहकार्य पनि सुरु भएको थियो । तर, गोपनीयताको विषय जोडिएपछि प्रक्रिया अघि बढेको थिएन ।

अहिले भने सरकारी स्तरबाटै त्यसरी वैयक्तिक विवरणमा पहुँच दिन सकिने भनी नियम बनाइएको हो । यो नियमका आधारमा सरकारले गृह मन्त्रालय वा राष्ट्रिय परिचयपत्र विभागलाई यस सम्बन्धी विवरण प्रदान गर्ने निकाय तोक्ने छ । र, त्यसका आधारमा बैंक तथा वित्तीय संस्थाले ग्राहक पहिचान गर्नेछन् । यो व्यवस्था बैंक तथा वित्तीय संस्थाका साथसाथै कम्पनी रजिस्ट्रारको कार्यालय, सेयर कारोबार गर्ने निकाय लगायतका हकमा पनि लागु हुनेछ । नेपाल राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलले नियमावलीमा उक्त व्यवस्था भएसँगै इजाजतपत्र प्राप्त संस्थालाई जारी भएको एकीकृत निर्देशिका संशोधन मार्फत बैंकहरूलाई परिपत्र जारी हुने उनले बताए ।

हिन्दु धर्मावलम्वीहरुको महान पर्व छठ पर्व-२०८१ को पावन अवसरमा समस्त नगरवासी भक्तजनहरुमा
**हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
यस पावन अवसरमा पाल्नुभई पूजा समारोहको गरिमा बढाईदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।
कार्यक्रम:
स्थान: राप्ती तट, हेटौंडा-१
मिति: २०८१/०७/२२ र २३ गते
आयोजक:
संयुक्त मधेसी सेवा समाज नेपाल

# मनहरीमा मोटरसाइकल दुर्घटना हुँदा दुई सैनिक घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ मनहरी गाउँपालिका-९, खरंगा नजिकै पूर्व-पश्चिम राजमार्गमा भएको सवारी दुर्घटनामा दुईजना सैनिक कर्मचारी घाइते भएका छन् ।

चितवनबाट हेटौंडातर्फ आउँदै गरेको मधेश प्रदेश-०३०३४ प २८९८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकमा पल्टिँदा दुर्घटना भएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार दुर्घटनामा घाइते भएका मोटर साइकल चालक सल्यान बाघचौर नगरपालिका-४ डाँडागाउँ निवासी २९ वर्षीय गणेश पुन र पछाडि सवार रुपन्देही बुटवल उपमहानगर पालिका-१३ बयलबास निवासी २८ वर्षीय निखिल पाण्डेलाई उपचारका लागि चुरेहिल अस्पताल लगिएको छ ।

गणेश पुनको शरीरका विभिन्न भागमा चोट लागेको छ भने निखिल पाण्डेको टाउको, हात, खुट्टामा चोटपटक लागेको छ । प्रहरीका अनुसार कार्तिक १९ गते साँझ ५:३० बजे भएको दुर्घटनामा घाइते भएका दुवैजनाको परिचय मध्यपूर्वीपृतना शिक्षालय, सर्लाही लालबन्दीमा तालिमरत लेसनायकको रुपमा खुलेको छ । दुर्घटनामा मोटर साइकल अनियन्त्रित भएको कारण देखिएको छ ।

# स्कुटरको ठक्करबाट हजुरआमाको मृत्यु, नाती घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा स्कुटरले पैदलयात्रामा रहेका हजुरआमा र नातीलाई ठक्कर दिएको छ । स्कुटरको ठक्करबाट हजुरआमाको मृत्यु भएको छ। नाति भने घाइते छन् ।

सोमबार अपरान्ह धरान-चतरा सडकखण्डअन्तर्गत मकवानपुरको बागमती-४ हरामीटोलमा हेटौंडाबाट सिन्धुलीतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००४ प ७२७६ नम्बरको स्कुटरले ठक्कर दिँदा बाटो काट्दै गरेका पैदलयात्रुको मृत्यु भएको मकवानपुरका निमित्त प्रहरीप्रवक्ता प्रहरीनिरीक्षक ठाकुरप्रसाद सापकोटाले जानकारी दए ।

स्कुटरले पैदलयात्री बागमती गाउँपालिका-४ बस्ने वर्ष ४८ की गंगा पहरी र सोही स्थानका ५ वर्षीय अनुप पहरीलाई ठक्कर दिएको थियो । गम्भीर घाइते गंगाको उपचारको क्रममा सिएमसी चुरेहिल अस्पतालमा ज्यान गएको जनाइएको छ ।

घाइते बालकको उपचार भइरहेको जनाइएको छ । मृतक गंगा हजुरआमा र घाइते अनुप नाती रहेको जनाइएको छ ।

# अनाथ बालबालिकालाई सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१४, स्थित अनाथ अपाङ्ग बालपुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकाका लागि जापानमा रहेका नेपालीले सहयोग गरेका छन् ।

बकैया गाउँपालिका-५ का वडासचिव देवराज लामिछानेको पहल तथा गैरआवासीय नेपाली संघ जापान, क्युस्यु क्षेत्रीय कार्यसमितिका उप-संयोजक कृष्णहरि पाठकको नेतृत्वमा सहयोगी दातामार्फत् संकलित नेपाली ३० हजार रुपैयाँ सहयोग हस्तान्तरण गरिएको हो । संस्थाका अध्यक्ष रामहरि कोइरालालाई तिहार मनाउन तथा कार्यालय सञ्चालन सहजिकरणका लागि आर्थिक सहयोग हस्तान्तरण गरिएको हो ।

केन्द्रका अध्यक्ष कोइरालाले भौतिक संरचनामा क्रमिकरुपमा विकास हुँदै गरेपनि संस्था सञ्चालनका लागि कठिनाइ झेलिरहनु परेको अवस्थामा जापानका नेपाली मार्फत् प्राप्त भएको आर्थिक सहयोगले राहत पुगेको बताए । उनले संस्थालाई सहयोग गरेकोमा आभार प्रकट गरे । केन्द्रमा जाजरकोटका दश, काठमाडौंका एक र मकवानपुरका तीन गरी १४ जना बालबालिका आश्रित रहेका छन् ।

२०६३ सालमा स्थापना भएको केन्द्र मुष्टीदान, जन्मदिन, तिथिमा प्राप्त हुने सहयोगबाट सञ्चालन भइरहेको अध्यक्ष कोइरालाले जानकारी दिए । सहयोगी दाताले सहयोग गर्दा अनाथ बालबालिकालाई संरक्षण प्रदान गर्न सहज हुने र अन्य अवस्थामा संस्था सञ्चालनका लागि विभिन्न कठिनाइ झेल्नुपरेको कोइरालाले दुखेसो गरे ।

बालबालिकालाई संरक्षण प्रदान गर्दै आएको संस्थामा बालबालिकालाई दुधका लागि दुईवटा गाईपालन गरिएको छ । आत्मनिर्भर बन्नका लागि संस्थाले तरकारी, माछापालन, हाँसपालन गरेको छ । संस्थाभित्रको खाली जग्गामा विभिन्न प्रकारका फलफूलका विरुवारोपन गरिएको छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

# राक्सिराङमा जुनसुकै गतिविधि गर्न पालिकाको स्वीकृति अनिवार्य



साझाकुरा संवाददाता

हेटौंडा, २० कात्तिक/ मकवानपुरको विकटक्षेत्र राक्सिराङ गाउँपालिकामा कुनैपनि गतिविधि र कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकाको स्वीकृति अनिवार्य भएको छ ।

गाउँपालिकाभित्र अनधिकृत व्यक्ति, संघ, संस्थाका गतिविधि रोक्न गाउँपालिकाले सूचना जारी गरेर समन्वय गरेर मात्रै गतिविधि सञ्चालन गर्न आग्रह गरेको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार गैर सरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्थालगायतका सामाजिक तथा सामुदायिक संघसंस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

कानुनी व्यवस्थाको उल्लंघन हुने गरी नियामनकारी निकायको रुपमा रहेका जिल्ला प्रशासन कार्यालय र स्थानीय तहसँगको समन्वयविना नै विभिन्न अनधिकृत व्यक्ति, संस्थामार्फत् राक्सिराङ गाउँपालिकाभित्रका विभिन्न स्थानका विपन्न जातजाति, भाषाभाषि, धार्मिक समुदायको नाममा खाद्यपदार्थ, लत्ताकपडा वितरण गर्ने, चन्दा सहयोग गर्ने, स्वास्थ्य शिविर सञ्चालन गर्ने, विभिन्न सामाजिक तथा आर्थिक गतिविधि सञ्चालन हुने गरेको भन्दै गाउँपालिकाले समन्वय गरेर मात्रै गतिविधि गर्न आग्रह गरेको हो ।

अवैधानिक गतिविधिका कारणले सिर्जना हुनसक्ने प्रतिकुल परिस्थिति, समुदायको परनिर्भरता बढ्ने, लाभग्राही छनोटमा पारदर्शिता नहुने, सञ्चालक व्यक्ति वा संस्था जवाफदेही नहुने जस्ता अवस्थालाई मध्यनजर गर्दै त्यस्ता गतिविधि निरुत्साहित गर्न गाउँपालिका लागि रहेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । उनले गाउँपालिकासँगको समन्वय र स्वीकृतिबेगर गतिविधि सञ्चालन हुन नदिन सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, जनप्रतिनिधि, नगरप्रहरी इकाई र सरोकारवालालाई अपिल गरेको जानकारी दिए ।

गाउँपालिकाभित्र बसोवास गरिरहेका अति सीमान्तकृत, विपन्न समुदाय, असहाय बालबालिका, बेसहारा अशक्त वृद्धवृद्धा, एकल महिला, अपाङ्गता भएका व्यक्ति, आर्थिक, सामाजिकरुपले पिछडिएका समुदाय, विपद्को कारणले धनजनको क्षति व्यहोरेका परिवारलगायत जोखिममा रहेका समुदायको जीवनस्तर उत्थानमा गाउँपालिका सदैव तत्पर रहेको पनि उनले स्पष्ट पारे । उनले पालिकासँग सहकार्य गर्न इच्छुक व्यक्ति वा संस्थाले स्वीकृति लिई एकद्वार प्रणालीबाट आफ्ना गतिविधि सञ्चालन गर्न आह्वान गरे ।

# हेटौंडेली नायिका नीताको फिल्म ‘ह्रस्व दीर्घ’ प्रदर्शनमा आउँदै

साझाकुरा संवाददाता



हेटौंडा, २० कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१ घर भएकी अभिनेत्री नीता ढुंगानाको लगानीमा निर्माण भएको फिल्म ‘ह्रस्व दीर्घ’ नेपालमा नेपाली र हिन्दी भाषामा एकैदिन रिलिज हुने भएको छ ।

निर्माण टिमले सेभेन सिज इन्टरटेनमेन्टलाई विदेश राइट् बिक्री प्रक्रिया पूरा गर्दै कार्तिक ३० गते नेपालमा सिनेमा प्रदर्शन गर्ने तयारी गरेको जनाएको छ । विदेशमा भने ‘ह्रस्व दीर्घ’ मंसिर ७ गतेबाट नेपाली र हिन्दी दुवै भाषामा रिलिज हुने जानकारी प्राप्त भएको छ । निर्माता ढुंगानाले यस सिनेमा विदेशको हिन्दी रिलिज अधिकार पनि सेभेन सिजले खरिद गरेको उल्लेख गरिन् ।

यस कम्पनीका सञ्चालक विनोद पौडेलले सिनेमा बक्स अफिसमा राम्रो प्रदर्शन गर्ने अपेक्षा गरेका छन् । सिनेमा दक्षिण भारतीय र बलिउड कलाकारको अभिनय समावेश भएको कारण निर्माताले भारतमा प्रथामिकताका साथ तेलुगु भाषामा पनि रिलिज गर्ने योजना बनाएको अभिनेता हरिहर अधिकारीले जानकारी दिए । भारतीय वितरक्ले पनि सिनेमाप्रति चासो देखाएका छन् ।

नीता फिल्म्सको प्रस्तुतिमा निर्माण गरिएको यस सिनेमाको कार्यकारी निर्माता धनन्जय गलानी हुन् । सिनेमा हरिहर अधिकारी, नीता ढुंगाना, ब्रह्मानन्दम, अली, कवीर दुहान सिंह, प्रदीप रावत, सुनिल वर्मा, प्रशान्त ताम्राकार, सञ्चिता लुईटेल, विपना थापा, सरोज खनाल, नरेन खड्का, गरिमा शर्मा, रविन्द्र झा, आदर्श मिश्र, बुद्धि तामाङ र किरण केसीजस्ता कलाकारको अभिनय रहेको छ ।

सिनेमाको कथा अभिनेता हरिहर अधिकारीले लेखेका हुन्, जबकि पटकथा र संवाद प्रतीक पौडेल, निर्देशक चन्द्र पन्त र हरिहर अधिकारीले मिलेर तयार गरेका छन् । बलिउडका चर्चित सिनेमाटोग्राफर कवीरलालले यस सिनेमा छायांकन गरेका छन् । निर्देशक चन्द्र पन्तले यसअघि भोजपुरी सिनेमा निर्देशन गरेका थिए । यो नेपाली सिनेमा क्षेत्रमा उनको पहिलो निर्देशन हो ।

## वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस संस्थाको २२ औं वार्षिक साधारणसभा तथा निर्वाचन निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त गरिमामय सभामा अनिवार्य उपस्थितिको लागि सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक निमन्त्रणा गर्दछौं ।

**साधारणसभा हुने:**
मिति: २०८१ मंसिर १ गते शनिबार
समय: विहान ९:०० बजे
स्थान: होटल लिडो इन, हेटौंडा-१०, मेनरोड

**नेपाल अर्बुद रोग निवारण संस्था**
जिल्ला शाखा मकवानपुर

## विमा पोलिसी हराएको सूचना

मेरो निम्न व्यहोराको बाल जीवन विमालेख (पोलिसी) मिति २०८१ कार्तिक १ गते हेटौंडा बजारबाट पदमपोखरीसम्म जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।
**विमा कम्पनीको नाम:** लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
**विमालेख (पोलिसी) नम्बर:** १६०००४६६५
**विमितको नाम:** समिता दुलाल
**विमितको ठेगाना:** पदमपोखरी-१, मकवानपुर
**सम्पर्क फोन:** ९८४५१०५०२१

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना